# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, पुस १२ गते, २०८२ साल (अतिरिक्ताङ्क ३९


## भाग ५

## निर्वाचन आयोगको

## सूचना

## निर्वाचन आचारसंहिता, २०८२

**प्रस्तावना:** निर्वाचनमा स्वतन्त्रता, स्वच्छता, निष्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख्न आवश्यक भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो आचारसंहिता बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आचारसंहिताको नाम "निर्वाचन आचारसंहिता, २०८२" रहेको छ।

(२) यो आचारसंहिताका आयोगले तोके बमोजिमका व्यवस्था आयोगले तोकेको मितिदेखि र तोकेको क्षेत्रमा लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,-

(क) "अनुगमन" भन्नाले निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम आयोगले गठन गरेको वा खटाएको अनुगमन समिति, अनुगमन टोली, घुम्ती टोली वा अनुगमनकर्ताद्वारा निर्वाचन आचारसंहिताको पालना भए नभएको सम्बन्धमा जाँचबुझ गरिने कार्य सम्झनु पर्छ।

(ख) "अनुगमन अधिकृत" भन्नाले दफा ३२ बमोजिमको निर्वाचन आचारसंहिता अनुगमन अधिकृत सम्झनु पर्छ।

(ग) "अनुगमनकर्ता" भन्नाले निर्वाचन आचारसंहिता कार्यान्वयन भए नभएको अनुगमन गर्न आयोगले खटाएको अनुगमनकर्ता सम्झनु पर्छ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र सो शब्दले त्यसरी अनुगमन गर्न आयोगले गठन गरेको अनुगमन टोली वा अनुगमन समितिलाई समेत जनाउँछ।

(घ) "आयुक्त" भन्नाले आयोगको निर्वाचन आयुक्त सम्झनु पर्छ र सो शब्दले प्रमुख निर्वाचन आयुक्तलाई समेत जनाउँछ।

(ङ) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ।

(च) "उपनिर्वाचन" भन्नाले निर्वाचित कुनै पदाधिकारीको पद रिक्त भई सङ्घीय कानून बमोजिम बाँकी अवधिका लागि हुने निर्वाचन सम्झनु पर्छ।

(छ) "उम्मेदवार" भन्नाले निर्वाचनको लागि उम्मेदवारको अन्तिम नामावलीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले प्रतिनिधि सभा वा प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत राजनीतिक दलले पेश गरेको उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्तिलाई समेत जनाउँछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) "केन्द्रीय आचारसंहिता अनुगमन समिति" भन्नाले दफा २६ बमोजिमको केन्द्रीय आचारसंहिता अनुगमन समिति सम्झनु पर्छ।

(झ) "गैरसरकारी संस्था" भन्नाले नाफाको उद्देश्य नराखी प्रचलित कानून बमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम नेपालको सम्बन्धित निकायमा आवद्ध भई सञ्चालन भएको अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई समेत जनाउँछ।

(ञ) "जिल्ला आचारसंहिता अनुगमन समिति" भन्नाले दफा ३० बमोजिमको जिल्ला आचारसंहिता अनुगमन समिति सम्झनु पर्छ।

(ट) "दलको भातृ सङ्गठन" भन्नाले प्रचलित कानून बमोजिम आयोगमा दर्ता भएका राजनीतिक दलसँग आवद्ध सङ्घ सङ्गठन सम्झनु पर्छ।

(ठ) "दुष्प्रचार" भन्नाले आफूलाई लाभ वा अरु कसैलाई हानि नोक्सानी पुऱ्याउने वा आम मानिसलाई झुक्याउने बदनियतका साथ जानीजानी गलत वा भ्रामक सूचना सम्प्रेषण गर्ने कार्य सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर निर्वाचन सम्बन्धी रिपोर्टिङमा भएका गल्तीलाई दुष्प्रचार मानिने छैन।

(ड) "द्वेषपूर्ण अभिव्यक्ति" भन्नाले प्रत्यक्ष वा परोक्ष रूपमा जाति, राष्ट्रिय वा जातीय उत्पत्ति, धर्म, लैङ्गिकता, उमेर, आपाङ्गता वा अन्य अपरिवर्तनीय समूहलाई इङ्गित गर्दै असहिष्णुता वा घृणा फैलाउने वा हिंसालाई बढावा दिने किसिमका वचन, लिखत वा व्यवहार सम्झनु पर्छ।

(ढ) "निर्वाचन" भन्नाले संविधान तथा प्रचलित सङ्घीय कानून बमोजिम हुने राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदको सदस्य, प्रदेश सभाको सदस्य तथा स्थानीय तहको सदस्यको निर्वाचन सम्झनु पर्छ र सो शब्दले उपनिर्वाचनलाई समेत जनाउँछ।

(ण) "निर्वाचन अधिकृत" भन्नाले निर्वाचन आयोग ऐन, २०७३ को दफा १९ को उपदफा (१) बमोजिम नियुक्त गरिएको निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले मुख्य निर्वाचन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकृत र सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ।

(त) "निर्वाचन कार्यालय" भन्नाले आयोगको प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ।

(थ) "निर्वाचन क्षेत्र" भन्नाले प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचन प्रयोजनको लागि निर्धारण गरिएको निर्वाचन क्षेत्र सम्झनु पर्छ।

(द) "पर्यवेक्षक" भन्नाले आयोगबाट अनुमति प्राप्त कुनै स्वदेशी वा विदेशी संस्थाबाट निर्वाचनको अवधिमा निर्वाचन पर्यवेक्षण गर्न खटिएका व्यक्ति सम्झनु पर्छ।

(ध) "पर्यवेक्षण संस्था" भन्नाले निर्वाचन पर्यवेक्षणको लागि आयोगबाट अनुमति प्राप्त पर्यवेक्षण संस्था सम्झनु पर्छ।

(न) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि प्रचलित सङ्घीय कानून बमोजिम आयोगले तोकेको मतदान केन्द्र सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(प) "मतदानस्थल" भन्नाले निर्वाचनमा मतदान गर्नका लागि आयोगले तोकेको स्थान सम्झनु पर्छ र सो शब्दले मतदान गर्ने स्थानले ओगटेको क्षेत्र वा मतदान परिसरलाई समेत जनाउँछ।

(फ) "मतपत्र" भन्नाले निर्वाचनमा मतदान गर्नको लागि व्यवस्था गरिएको मतपत्र सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान हुने व्यवस्था भएकोमा त्यस्तो विद्युतीय उपकरणमा प्रयोग हुने मतपत्र वा त्यस्तो उपकरणमा जडित डिजिटल मतपत्रलाई समेत जनाउँछ।

(ब) "मतपेटिका" भन्नाले मत सङ्केत गरेको मतपत्र राख्नको लागि आयोगले व्यवस्था गरेको मतपेटिका सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान गरेकोमा त्यसरी मतदान गरेको मत सङ्केतलाई अभिलेख गर्ने विद्युतीय उपकरणलाई समेत जनाउँछ।

(भ) "मन्त्री" भन्नाले नेपाल सरकारको हकमा प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री र प्रदेश सरकारको हकमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री सम्झनु पर्छ।

(म) "मिथ्या सूचना" भन्नाले निर्वाचन सम्बन्धी कुनै कार्य गर्दा गराउँदा कसैलाई हानि नोक्सानी पुऱ्याउने नियत राखी वा उक्त सूचना झुठो हो भन्ने जानी बुझी सम्प्रेषित गरिएको भ्रामक सूचना वा जानकारी सम्झनु पर्छ।

(य) "राजनीतिक दल" भन्नाले निर्वाचनको प्रयोजनको लागि आयोगमा दर्ता भएको राजनीतिक दल सम्झनु पर्छ।

(र) "वातावरणमैत्री सामग्री" भन्नाले पुनःप्रयोग वा पुनःचक्रण (रिसाइकल) गर्न सकिने जैविक रूपले नष्ट हुने वा वातावरणमा हानि नपुऱ्याउने सामग्री सम्झनु पर्छ।

(ल) "विकास साझेदार संस्था" भन्नाले नेपाल सरकारको स्वीकृतिमा विभिन्न क्षेत्रमा आर्थिक वा प्राविधिक सहयोग तथा विकास सहायता प्रदान गर्ने संस्था सम्झनु पर्छ।

(व) "सञ्चार प्रतिष्ठान" भन्नाले सञ्चार सम्बन्धी कुनै व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कानून बमोजिम स्थापना वा दर्ता भएको सरकारी वा सामुदायिक वा निजी सञ्चार माध्यम वा सङ्गठित संस्था सम्झनु पर्छ।

(श) "समानुपातिक निर्वाचन प्रणाली" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचनको हकमा सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी र प्रदेश सभा सदस्य निर्वाचनको हकमा सम्पूर्ण प्रदेशलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिने र प्रत्येक राजनीतिक दलले प्राप्त गरेको कूल मतसङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार निर्वाचित हुने निर्वाचन प्रणाली सम्झनु पर्छ।

(ष) "सम्बन्धित व्यक्ति" भन्नाले राजनीतिक दल वा उम्मेदवारको तर्फबाट निर्वाचन प्रचारप्रसारमा संलग्न व्यक्ति सम्झनु पर्छ र सो शब्दले राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई समेत जनाउँछ।

(स) "सरकारी निकाय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तह वा सो अन्तर्गतका सरकारी निकाय सम्झनु पर्छ।

(ह) "सवारीसाधन" भन्नाले मोटरसाइकल, स्कुटर, टयाम्पु, जीप, कार, बस, ट्रक, टयाक्टर जस्ता विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने सवारी साधन सम्झनु पर्छ र सो शब्दले साइकल, रिक्सा, टाँगा, गोरूगाडा, घोडा र त्यस्तै प्रकृतिका अन्य सवारीसाधनलाई समेत जनाउँछ।

(क्ष) "सामाजिक सञ्जाल" भन्नाले सामाजिक सञ्जाल प्लेटफर्मले कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमबाट उपलब्ध गराएको सुविधा र विधि अनुरूप कुनै व्यक्ति, समूह वा संस्थालाई एक अर्कासँग अन्तरक्रियात्मक सञ्चार गर्न सक्ने सुविधा तथा प्रयोगकर्ताले निर्माण गरेका विषयवस्तु प्रसार गर्ने सुविधा समेत प्रदान गर्ने समूह, ब्लग, एप लगायतका सञ्जाल सम्झनु पर्छ।

(त्र) "सामाजिक सञ्जाल प्लेटफर्म" भन्नाले कुनै व्यक्ति वा संस्थालाई एक अर्कासँग विचार वा सूचनाको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आदानप्रदान गर्न सक्ने वा प्रयोगकर्ताले निर्माण गरेका विषयवस्तु प्रसार गर्ने सुविधा समेत प्रदान गर्ने इन्टरनेट वा सूचना प्रविधिमा आधारित फेसबुक, मेसेन्जर, भाइबर, ट्वीटर (एक्स), युट्युब, इन्स्टाग्राम, ब्लग, पिन्टरेस्ट, गुगल प्लस, टिकटक, ह्वाट्सएप, इमो, वीच्याट, लिङ्क्ड्इन, टमलर, डिस्कर्ड लगायतका सार्वजनिक रूपमा उपलब्ध हुने गरी सञ्चालनमा ल्याइएका प्रणाली सम्झनु पर्छ।

(ज्ञ) "सुरक्षा निकाय" भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान विभाग वा प्रदेश प्रहरी सम्झनु पर्छ।

(कक) "स्थानीय कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनु पर्छ।

(कख) "हरित निर्वाचन (ग्रिन ईलेक्सन)" भन्नाले जैविक रूपले नष्ट नहुने वा वातावरणमा हानि पुऱ्याउने कागज, प्लाष्टिक, ईन्धन जस्ता सामग्रीको न्यूनतम प्रयोग गर्दै दिगो, प्रदुषणमुक्त रूपमा सम्पन्न गरिने निर्वाचनलाई सम्झनु पर्छ र सो शब्दले वातावरणमैत्री सामग्रीको प्रयोग गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्पन्न गरिने निर्वाचनलाई समेत जनाउँछ।

३. **<u>आचारसंहिता लागू हुने</u>** : यो आचारसंहिता देहायका व्यक्ति, संस्था, निकाय तथा अधिकारीलाई लागू हुनेछ :-

(क) नेपाल सरकार र नेपाल सरकारका मन्त्री,

(ख) प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री,

(ग) संवैधानिक निकाय र सो निकायका पदाधिकारी,

(घ) नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारी,

(ङ) स्थानीय कार्यपालिका र सोका सदस्य,

(च) सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारी,

(छ) सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी,

(ज) सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी,

(झ) राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठन,

(ञ) उम्मेदवार तथा सम्बन्धित व्यक्ति,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि,

(ठ) सार्वजनिक पद धारण गरेको व्यक्ति,

(ड) अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्ता,

(ढ) पर्यवेक्षण संस्था तथा पर्यवेक्षक,

(ण) सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी,

(त) निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी,

(थ) विद्यालय, महाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारी,

(द) मतदाता,

(ध) विकास साझेदार संस्था,

(न) सरकारी तथा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी,

(प) मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारी,

(फ) निजी क्षेत्रका बैङ्क तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

(ब) वस्तु तथा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार, र

(भ) आयोगले तोकेका अन्य निकाय वा व्यक्ति।

## परिच्छेद-२

## सबैले पालना गर्नुपर्ने आचरण

४. **सबैले पालना गर्नुपर्ने आचरण** : दफा ३ बमोजिमका व्यक्ति, संस्था, निकाय तथा अधिकारीले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) सरकारी वा अर्धसरकारी निकाय वा सार्वजनिक संस्थाले त्यस्तो निकाय वा संस्थाको वा अन्तर्गतको कुनै परियोजनाको स्रोत साधन र सम्पत्ति कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन नहुने,

(ख) आयोगद्वारा सञ्चालित निर्वाचन व्यवस्थापन र मतदाता शिक्षा लगायत अन्य कार्यक्रममा कुनै किसिमले अवरोध हुने गरी कुनै कार्य गर्न वा निर्वाचनसँग सम्बन्धित सामग्री वा सूचनालाई बिगार्न वा कुनै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

किसिमले थपघट गर्न वा गराउन नहुने,

(ग) कुनै सरकारी वा अर्ध सरकारी निकाय वा सार्वजनिक संस्था वा विश्वविद्यालय वा विद्यालय वा महाविद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचन सम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने,

(घ) राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह अङ्कित ज्याकेट, कमिज, भेष्ट, टि-सर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टीकर, लोगो, झोला, ब्याच, टयाटु जस्ता साङ्केतिक सामग्री उत्पादन गर्न, प्रयोग गर्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने,

(ङ) घर वा जग्गा धनीको स्वीकृति नलिई कसैको निजी वा संस्थागत स्वामित्वको घरजग्गामा राजनीतिक गतिविधि वा प्रचारप्रसार गर्न वा गराउन नहुने,

(च) ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय र आपाङ्गता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

हत्या हुने गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने,

(छ) बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गर्न वा गराउन नहुने,

(ज) प्रचलित कानून बमोजिम निषेध गरिएको समय र स्थानमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने,

(झ) सार्वजनिक आवागमनमा अवरोध हुने गरी कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने,

(ञ) सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने,

(ट) निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा एकाउण्ट सञ्चालन गर्न वा झुठा साइट खोल्न वा सञ्चालन गर्न वा  गराउन नहुने,

(ठ) सामाजिक सञ्जालमा आर्टिफिसियल इन्टिलिजेन्स (ए.आइ.) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिकाटिप्पणी गर्न वा गराउन नहुने,

(ड) कुनै प्रयोजनको लागि प्रकाशन वा प्रसारण भएको सूचना वा सामग्रीलाई आर्टिफिसियल इन्टिलिजेन्स (ए.आइ.) को प्रयोग गरी वा नगरी निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी गराई सामाजिक सञ्जालमा पोस्ट, रिपोस्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन लगायतका कार्य गर्न वा गराउन नहुने,

(ढ) निर्वाचनको विश्वसनीयतामा वा आयोग, आयुक्त वा कर्मचारीको प्रतिष्ठामा प्रतिकूल असर पर्ने गरी कुनै अवाञ्छित लाञ्छना लगाउन नहुने,

(ण) कसैको चरित्र हत्या गर्न, व्यक्तिगत लाञ्छना लगाउन, मानहानी गर्न वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरूपमा उत्पादन गर्न तथा त्यस्ता सामग्री कुनै माध्यमबाट प्रकाशन वा प्रसारण गर्न वा गराउन नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(त) उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतदान सम्पन्न नभएसम्म उम्मेदवार वा राजनीतिक दलको मतपरिणामको सम्बन्धमा मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न वा प्रकाशन गर्न नहुने,

(थ) निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोस्ट, रिपोस्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन लगायतका कार्य गर्न वा गराउन नहुने,

(द) कुनै पनि किसिमबाट मतदाताको गोप्यता भङ्ग गर्ने कार्य गर्न नहुने,

(ध) मतदाता र मतदानमा खटिएका कर्मचारीसँग वादविवाद गर्न वा हतोत्साहित गर्ने कुनै पनि कार्य गर्न नहुने,

(न) क्यामेरा, भिडियो क्यामेरा, ड्रोन, मोबाइल वा अन्य उपकरणबाट अनुमति नलिई मतदानस्थल र मतगणनास्थलको तस्बिर लिन, भिडियो खिच्ने कार्य गर्न नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(प) कुनै प्रकारले निर्वाचनको स्वच्छता वा निष्पक्षतालाई प्रभावित गर्ने गरी कुनै कार्य गर्न नहुने।

## परिच्छेद-३

## पदाधिकारी, कर्मचारी तथा निकायले पालना गर्नुपर्ने आचरण

५. **नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले पालना गर्नुपर्ने आचरण** : नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने,

तर,

(१) निर्वाचनमा आफै उम्मेदवार भएका मन्त्रीले आफू उम्मेदवार भएको क्षेत्रमा निर्वाचन प्रचारप्रसारमा संलग्न हुन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) नेपाल सरकारका मन्त्रीले आयोगको सहमति लिई त्यसरी सहमति लिएको स्थानमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन सक्नेछ।

(३) प्रदेश सरकारका मन्त्रीले प्रदेश निर्वाचन कार्यालय मार्फत वा सोझै आयोगको सहमति लिई त्यसरी सहमति लिएको सम्बन्धित प्रदेशभित्रको स्थानमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन सक्नेछ।

(४) स्थानीय कार्यपालिकाका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदाधिकारीले आफू बहाल रहेको स्थानीय तह बाहेक अन्य स्थानीय तहमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन सक्नेछ।

(ख) खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम निर्वाचन प्रचारप्रसारमा संलग्न हुने नेपाल सरकार वा प्रदेश सरकारको मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारीले त्यसरी निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा सरकारी स्रोत र साधनको प्रयोग गर्न नहुने,

(ग) वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भए बाहेकका अन्य कार्यक्रम गर्न वा नयाँ नीति, योजना वा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने,

तर सरूवा रोगको महामारी वा कुनै प्राकृतिक विपद् वा काबु बाहिरको परिस्थिति सिर्जना भएमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयोगको स्वीकृति लिई त्यस्ता कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन।

(घ) कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न नहुने,

(ङ) कुनै राजनीतिक नियुक्तिको पद सिर्जना गर्न वा त्यस्तो पदमा नियुक्ति गर्न नहुने,

(च) नयाँ पद सिर्जना गर्ने, रिक्त पद पूर्ति गर्ने, भत्ता वृद्धि गर्ने लगायतका कुनै पनि आर्थिक सुविधा वा पुरस्कार प्रदान गर्न नहुने,

तर आयोगलाई जानकारी गराई लोक सेवा आयोग, प्रदेश लोक सेवा आयोग, न्याय सेवा आयोग, विश्व विद्यालय सेवा आयोग, शिक्षक सेवा आयोग, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा नेपाली सेनाद्वारा नियमित रूपमा हुने पदपूर्ति सम्बन्धी कारबाही गर्न बाधा पर्ने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) निर्वाचनको काममा बाहेक कर्मचारीको सरूवा वा पदस्थापन गर्न नहुने,

तर प्रचलित कानून बमोजिम नियमित रूपमा खुला प्रतियोगिता वा बढुवा प्रक्रियाबाट सिफारिस भएका कर्मचारीलाई आयोगको अनुमति लिई पदस्थापना गर्न बाधा पर्ने छैन।

(ज) मतदान हुने दिनको अघिल्लो अठचालिस घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म कुनै पनि प्रकारका अन्तरक्रिया, सम्मेलन, कार्यशाला, गोष्ठी वा निर्वाचनसँग सम्बन्धित छलफल वा सामुहिक मस्तिष्क मन्थन आदि गर्न नहुने,

(झ) आयोगको अनुमतिमा मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने,

तर विशेष परिस्थिति परी कुनै मन्त्री वा स्थानीय कार्यपालिकाको पदाधिकारीलाई विदेश भ्रमणमा खटाउन आवश्यक परेको भनी औचित्य खुलाई सम्बन्धित मन्त्रालय वा निकायबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुरोध भई आएको अवस्थामा आयोगले सहमति प्रदान गरेमा त्यस्तो भ्रमण गर्न बाधा पर्ने छैन।

६. **संवैधानिक निकाय तथा सोका पदाधिकारीले पालना गर्नुपर्ने आचरण :** संवैधानिक निकाय तथा सोका पदाधिकारीले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने,

(ख) राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको बैठक, सभा, कार्यशाला गोष्ठी, सम्मेलन, अन्तरक्रिया जस्ता कार्यक्रममा भाग लिन नहुने,

(ग) कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न नहुने,

(घ) कुनै राजनीतिक दल वा उम्मेदवारलाई आफ्नो वा कार्यालयको भवन, अतिथिगृह, सभागृह, सवारीसाधन वा अन्य सामग्री प्रयोग गर्न दिन नहुने,

(ङ) सामाजिक सञ्जालमा आर्टिफिसियल इन्टिलिजेन्स (ए.आइ.) को प्रयोग गरी वा नगरी राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पोस्ट, रिपोस्ट, शेयर गर्न, त्यस्ता सामग्रीमा कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन लगायतका कार्य गर्न वा गराउन नहुने वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने,

(च) आयोगको अनुमति लिई मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने,

तर विशेष परिस्थिति परी कुनै पदाधिकारीलाई विदेश भ्रमणमा खटाउन आवश्यक परेको भनी औचित्य खुलाई सम्बन्धित मन्त्रालय वा निकायबाट अनुरोध भई आएको अवस्थामा आयोगले सहमति दिएमा त्यस्तो भ्रमण गर्न सकिनेछ।

(छ) सङ्घ, प्रदेश वा जिल्लास्तरका ट्रेड युनियन वा आधिकारिक ट्रेड युनियनका कार्यसमितिका पदाधिकारीलाई निर्वाचन सम्बन्धी कुनै जिम्मेवारी दिन नहुने।

७. **<u>नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचरण</u>** : नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले देहायका आचरण पालना गर्नु पर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने,

(ख) राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको बैठक, सभा, कार्यशाला गोष्ठी, सम्मेलन, अन्तरक्रिया जस्ता कार्यक्रममा भाग लिन नहुने,

(ग) वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भए बाहेकका अन्य नयाँ कार्यक्रम गर्न, नयाँ नीति, योजना वा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने,

तर सरूवा रोगको महामारी वा कुनै प्राकृतिक विपद् वा काबु बाहिरको परिस्थिति सिर्जना भएमा आयोगको अनुमति लिई नयाँ कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(घ) कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न नहुने,

(ङ) कुनै राजनीतिक दल वा उम्मेदवारलाई आफ्नो वा कार्यालयको भवन, अतिथिगृह, सभागृह, सवारीसाधन वा अन्य सामग्री प्रयोग गर्न दिन नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(च) नयाँ पद सिर्जना गर्ने, रिक्त पद पूर्ति गर्ने, भत्ता वृद्धि गर्ने लगायतका कुनै पनि आर्थिक सुविधा वा पुरस्कार प्रदान गर्न नहुने,

तर आयोगलाई जानकारी गराई लोक सेवा आयोग, प्रदेश लोक सेवा आयोग, न्याय सेवा आयोग, शिक्षक सेवा आयोग, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा नेपाली सेनाद्वारा नियमित रूपमा हुने पदपूर्ति सम्बन्धी कारबाही गर्न बाधा पर्ने छैन।

(छ) निर्वाचनको काममा बाहेक कर्मचारीको सरूवा वा पदस्थापन गर्न नहुने,

तर प्रचलित कानून बमोजिम नियमित रूपमा खुला प्रतियोगिता वा बढुवा प्रक्रियाबाट सिफारिस भएका कर्मचारीलाई आयोगको अनुमति लिई पदस्थापना गर्न बाधा पर्ने छैन।

(ज) आयोगले तयार पारेको निर्वाचन शिक्षामूलक कार्यक्रम गर्न वा सो सम्बन्धी सामग्री टाँस्न बाहेक राजनीतिक प्रकृतिको कार्यक्रम गर्न वा उम्मेदवार वा राजनीतिक दलको निर्वाचन प्रचारप्रसारका सामग्री राख्न, टाँस्न वा प्रचारप्रसार गर्न नहुने,

(झ) सामाजिक सञ्जालमा आर्टिफिसियल इन्टिलिजेन्स (ए.आइ.) को प्रयोग गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा नगरी राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा प्रतिक्रिया दिन वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने,

(ञ) आयोगको अनुमति लिई मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने,

तर विशेष परिस्थिति परी कुनै पदाधिकारी वा कर्मचारीलाई विदेश भ्रमणमा खटाउन आवश्यक परेको भनी औचित्य खुलाई सम्बन्धित मन्त्रालय वा निकायबाट अनुरोध भई आएको अवस्थामा आयोगले सहमति दिएमा त्यस्तो भ्रमण गर्न सकिनेछ।

(ट) सङ्घ, प्रदेश वा जिल्लास्तरका ट्रेड युनियन वा आधिकारिक ट्रेड युनियनका कार्यसमितिका पदाधिकारीलाई निर्वाचन सम्बन्धी कुनै जिम्मेवारी दिन नहुने।

८. **सुरक्षा निकाय, सुरक्षाकर्मी तथा सुरक्षा सम्बद्ध कर्मचारीले पालना गर्नुपर्ने आचरण** : सुरक्षा निकाय, सुरक्षाकर्मी तथा सुरक्षा सम्बद्ध कर्मचारीले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य नयाँ कार्यक्रम गर्न, नयाँ नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने,

तर सरूवा रोगको महामारी वा कुनै प्राकृतिक विपद् वा काबु बाहिरको परिस्थिति सिर्जना भएमा आयोग वा आयोगले तोकेको पदाधिकारीको अनुमति लिई नयाँ कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(ग) कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता काममा सहभागी हुन नहुने,

(घ) कुनै राजनीतिक दल वा उम्मेदवारलाई आफ्नो वा कार्यालयको भवन, अतिथिगृह, सभागृह, सवारीसाधन वा अन्य सामग्री प्रयोग गर्न दिन नहुने,

(ङ) नयाँ पद सिर्जना गर्ने, रिक्त पद पूर्ति गर्ने, भत्ता वृद्धि गर्ने लगायतका कुनै पनि आर्थिक सुविधा वा पुरस्कार प्रदान गर्न नहुने,

तर आयोगलाई जानकारी गराई लोक सेवा आयोग, प्रदेश लोक सेवा आयोग, नेपाली सेना, नेपाल प्रहरी,



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सशस्त्र प्रहरी बल, नेपाल, तथा राष्ट्रिय अनुसन्धान विभागद्वारा नियमित रूपमा हुने पदपूर्ति सम्बन्धी कारबाही गर्न बाधा पर्ने छैन।

(च) निर्वाचनको काममा बाहेक कर्मचारीको सरूवा वा पदस्थापन गर्न नहुने,

तर प्रचलित कानून बमोजिम नियमित रूपमा खुला प्रतियोगिता वा बढुवा प्रक्रियाबाट सिफारिस भएका कर्मचारीलाई आयोगको अनुमति लिई पदस्थापना गर्न बाधा पर्ने छैन।

(छ) आयोगले तयार पारेको निर्वाचन शिक्षामूलक कार्यक्रम गर्न वा सो सम्बन्धी सामग्री टाँस्न बाहेक राजनीतिक प्रकृतिको कार्यक्रम गर्न वा उम्मेदवार वा राजनीतिक दलको निर्वाचन प्रचारप्रसारका सामग्री राख्न, टाँस्न वा प्रचारप्रसार गर्न नहुने,

(ज) सामाजिक सञ्जालमा आर्टिफिसियल इन्टिलिजेन्स (ए.आइ.) को प्रयोग गरी वा नगरी राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोस्ट, रिपोस्ट, शेयर गर्न, त्यस्ता सामग्रीमा कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन लगायतका कार्य गर्न वा गराउन नहुने वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने,

(झ) आयोगको अनुमति लिई मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने,

तर विशेष परिस्थिति परी कुनै सुरक्षाकर्मी वा कर्मचारीलाई विदेश भ्रमणमा खटाउन आवश्यक परेको भनी औचित्य खुलाई सम्बन्धित मन्त्रालयबाट अनुरोध भई आएको अवस्थामा आयोगले सहमति दिएमा त्यस्तो भ्रमण गर्न सकिनेछ।

९. **<u>निर्वाचनको काममा संलग्न कर्मचारीले पालना गर्नुपर्ने आचरण</u> :** निर्वाचनको काममा संलग्न कर्मचारीले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्न वा गराउन, प्रचारप्रसारमा संलग्न हुन वा प्रचार प्रसार गर्न नहुने,

(ख) कुनै राजनीतिक दल वा उम्मेदवारलाई कार्यालयको वा आफ्नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन नहुने,

(ग) निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने विषयमा आर्टिफिसियल इन्टिलिजेन्स (ए.आइ.) को प्रयोग गरी वा नगरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सामाजिक सञ्जालमा पोस्ट, रिपोस्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन लगायतका कार्य गर्न वा गराउन नहुने,

(घ) निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचना एवं जानकारी बाहेक अन्य कुनै प्रकारका आफूलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिन नहुने,

(ङ) निर्वाचन सम्बन्धी कार्य गर्दा गराउँदा कसैको पक्ष वा विपक्ष लिन नहुने।

१०. **<u>विद्यालय, महाविद्यालय वा विश्वविद्यालय तथा सोमा सम्बद्ध कर्मचारी, प्राध्यापक तथा शिक्षकले पालना गर्नुपर्ने आचरण</u> :** विद्यालय, महाविद्यालय वा विश्वविद्यालय तथा सोमा सम्बद्ध कर्मचारी, प्राध्यापक तथा शिक्षकले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने,

(ख) कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता काममा सहभागी हुन नहुने,

(ग) कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सवारीसाधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन, कार्यक्रम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा सभा वा सम्मेलन गर्न वा प्रचारप्रसार गर्न नहुने,

(घ) वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका विषय बाहेक अन्य कार्यक्रम गर्न, नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने,

तर सरूवा रोगको महामारी वा कुनै प्राकृतिक विपद् वा काबु बाहिरको परिस्थिति सिर्जना भएमा आयोगको अनुमति लिई नयाँ कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(ङ) नयाँ पद सिर्जना गर्ने, रिक्त पद पूर्ति गर्ने, भत्ता वृद्धि गर्ने लगायतका कुनै पनि आर्थिक सुविधा वा पुरस्कार प्रदान गर्न नहुने,

तर आयोगलाई जानकारी गराई विश्वविद्यालय सेवा आयोग वा शिक्षक सेवा आयोगद्वारा नियमित रूपमा हुने पदपूर्ति सम्बन्धी कारबाही गर्न बाधा पर्ने छैन।

(च) निर्वाचनको काममा बाहेक कर्मचारी, प्राध्यापक तथा शिक्षकको सरूवा वा बढुवा वा पदस्थापन गर्न गराउन नहुने,

तर प्रचलित कानून बमोजिम नियमित रूपमा खुला प्रतियोगिता वा बढुवा प्रक्रियाबाट सिफारिस भएका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्मचारीलाई आयोगको अनुमति लिई पदस्थापना गर्न बाधा पर्ने छैन।

(छ) आयोगले तयार पारेको निर्वाचन शिक्षामूलक कार्यक्रम गर्न वा सो सम्बन्धी सामग्री टाँस्न बाहेक राजनीतिक प्रकृतिको कार्यक्रम गर्न वा उम्मेदवार वा राजनीतिक दलको निर्वाचन प्रचारप्रसारका सामग्री राख्न, टाँस्न वा प्रचारप्रसार गर्न नहुने,

(ज) सामाजिक सञ्जालमा आर्टिफिसियल इन्टिलिजेन्स (ए.आइ.) को प्रयोग गरी वा नगरी राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोस्ट, रिपोस्ट, शेयर गर्न, त्यस्ता सामग्रीमा कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन लगायतका कार्य गर्न वा गराउन नहुने वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने,

(झ) आयोगको अनुमति लिई मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने,

तर विशेष परिस्थिति परी कुनै कर्मचारी, प्राध्यापक वा शिक्षकलाई विदेश भ्रमणमा खटाउन आवश्यक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परेको भनी औचित्य खुलाई सम्बन्धित मन्त्रालयबाट अनुरोध भई आएको अवस्थामा आयोगले सहमति दिएमा त्यस्तो भ्रमण गर्न सकिनेछ।

**११.** **<u>सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना, विकास समिति तथा सोका कर्मचारीले पालना गर्नुपर्ने आचरण</u>** : सरकारी तथा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना, विकास समिति तथा सोका कर्मचारीले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने,

(ख) वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य कार्यक्रम गर्न, नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने,

तर सरूवा रोगको महामारी वा कुनै प्राकृतिक विपद् वा काबु बाहिरको परिस्थिति सिर्जना भएमा आयोगको अनुमति लिई नयाँ कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(ग) कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) नयाँ पद सिर्जना गर्ने, रिक्त पद पूर्ति गर्ने, भत्ता वृद्धि गर्ने लगायतका कुनै पनि आर्थिक सुविधा वा पुरस्कार प्रदान गर्न नहुने,

तर आयोगलाई जानकारी गराई लोक सेवा आयोग, प्रदेश लोक सेवा आयोगजस्ता प्रचलित कानून बमोजिम पदपूर्ति गर्ने निकायद्वारा नियमित रूपमा हुने पदपूर्ति सम्बन्धी कारबाही गर्न बाधा पर्ने छैन।

(ङ) निर्वाचनको काममा बाहेक कर्मचारीलाई सरूवा वा बढुवा गर्न वा काजमा खटाउन नहुने,

तर प्रचलित कानून बमोजिम नियमित रूपमा खुला प्रतियोगिता वा बढुवा प्रक्रियाबाट सिफारिस भएका कर्मचारीलाई आयोगको अनुमति लिई पदस्थापना गर्न बाधा पर्ने छैन।

(च) सामाजिक सञ्जालमा आर्टिफिसियल इन्टिलिजेन्स (ए.आइ.) को प्रयोग गरी वा नगरी राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोस्ट, रिपोस्ट, शेयर गर्न, त्यस्ता सामग्रीमा कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन लगायतका कार्य गर्न वा गराउन नहुने वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने।

१२. **<u>गैरसरकारी संस्था वा विकास साझेदार संस्था, सम्बद्ध पदाधिकारी तथा कर्मचारीले पालना गर्नुपर्ने आचरण</u>** : गैरसरकारी संस्था वा विकास साझेदार संस्था तथा त्यस्तो संस्थासँग सम्बन्धित पदाधिकारी तथा कर्मचारीले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने,

(ख) कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न नहुने,

(ग) कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा आफ्ना सवारीसाधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन, कार्यक्रम वा सभा वा सम्मेलन गर्न वा प्रचारप्रसारको प्रायोजन गर्न नहुने,

(घ) आयोगको अनुमतिमा वा आयोगले निर्धारण गरेको मापदण्ड बमोजिम निर्वाचन शिक्षा सम्बन्धी प्रचारप्रसार बाहेक कुनै राजनीतिक प्रकृतिको कार्यक्रम गर्न नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) निर्वाचन वा मतदाता शिक्षालाई प्रभावित गर्ने उद्देश्यले कुनै सहयोग, पुरस्कार, सामग्री प्राप्त गर्न नहुने,

(च) कुनै पनि स्रोत नखुलेको रकम प्राप्त गर्न नहुने,

(छ) कार्यालयमा निर्वाचन सम्बन्धी शिक्षामूलक सूचना सामग्री टाँस्न तथा प्रयोग गर्न बाहेक कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारका सामग्री टाँस्न वा राख्न नहुने,

(ज) आफू वा आफू सम्बद्ध संस्थाको तर्फबाट कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन नहुने,

(झ) सामाजिक सञ्जालमा आर्टिफिसियल इन्टिलिजेन्स (ए.आइ.) को प्रयोग गरी वा नगरी राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोस्ट, रिपोस्ट, शेयर गर्न, त्यस्ता सामग्रीमा कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन लगायतका कार्य गर्न वा गराउन नहुने वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-४

## राजनीतिक दल, उम्मेदवार, दलको भातृ सङ्गठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण

**१३. जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला वा निर्वाचन प्रचारप्रसार सम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरण** : (१) राजनीतिक दल, उम्मेदवार तथा दलको भातृ सङ्गठनले जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचारप्रसार सम्बन्धी कार्य गर्दा देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्दा सभ्य र अनुशासित तरिकाले गर्नुपर्ने र कसैको घरको आसपासमा गई निज वा निजको परिवारको सदस्यको सम्बन्धमा विरोध वा प्रदर्शन गर्न नहुने,

(ख) स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा वा भेला गर्न नहुने,

(ग) जुलुस, आमसभा, कोणसभा वा भेला गर्नु अघि स्थानीय प्रशासन र प्रहरीलाई मिति, समय, मार्ग र स्थानको बारेमा कम्तीमा चौबिस घण्टा अगावै जानकारी गराउनु पर्ने,

(घ) जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अङ्कित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टि-सर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने,

तर उम्मेदवारले खण्ड (ठ) बमोजिमको कागजमा आफ्नो तथा राजनीतिक दलको पहिचानको विवरण खुलाइएको पर्चा वितरण गर्न बाधा पर्ने छैन।

(ङ) कुनै राजनीतिक दल, उम्मेदवार वा दलको भातृ सङ्गठनले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा अन्य कार्यक्रम बिथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुऱ्याउन नहुने,

(च) एकभन्दा बढी राजनीतिक दल, उम्मेदवार वा भातृ सङ्गठनले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्न नहुने र सो अवस्थामा स्थानीय प्रशासनले त्यस्तो कार्यक्रम गर्ने स्थल वा मार्ग परिवर्तन गर्न दिएको निर्देशन पालना गर्नु पर्ने,

(छ) प्रचलित कानून वा स्थानीय प्रशासनले निषेध गरेको सामग्री लिई जुलुस, आमसभा, कोणसभा, बैठक वा भेलामा प्रदर्शन वा प्रयोग गर्न नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(ज) कसैको निजी घरजग्गा वा सार्वजनिक भवन, उद्यान, सडकका भित्ता वा पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न नहुने,

(झ) विभिन्न क्लब, सामाजिक संस्था, धार्मिक संस्था, आमा समूह, गैरसरकारी संस्था, आश्रम जस्ता संस्था वा कुनै व्यक्तिलाई नगद वा जिन्सी वितरण गर्न, अनुदान, आर्थिक सहायता, चन्दा, पुरस्कार वा निर्वाचन खर्च वा बुथ खर्च दिन वा दिने घोषणा गर्न नहुने,

(ञ) जुलुस, आमसभा, कोणसभा, भेला वा प्रचारप्रसारका कार्यक्रम गर्दा बिहान सात बजेदेखि साँझ सात बजेसम्म मात्र गर्नुपर्ने,

(ट) निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने,

(ठ) निर्वाचन प्रयोजनको लागि पचहत्तर ग्रामसम्मको कागजमा तीन सय वर्ग इन्चसम्म क्षेत्रफल भएको आकारको एउटै रङ्ग र मुद्रकको नाम सहितको पर्चा मात्र प्रयोग गर्नुपर्ने,

(ड) उम्मेदवार वा दलको कार्यालयमा साइनबोर्ड तथा कपडामा बनाइएको ३×४ फिटको दलको झण्डा र सोही



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नापको चुनाव चिन्ह राख्न बाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरू प्रदर्शन वा प्रसारण गर्न नहुने,

(ढ) उम्मेदवार वा दलले आफ्नो कार्यालय बाहेकका स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको चुनाव चिन्ह, कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न तथा श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरू प्रदर्शन वा प्रसारण गर्न नहुने,

तर राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा वा घरदैलो कार्यक्रममा खण्ड (ड) बमोजिमको आकारका दश दशवटा सम्म झण्डा र चुनाव चिन्ह प्रयोग गर्न तथा राजनीतिक दल तथा उम्मेदवारको नाम र चिन्ह भएको एउटासम्म तुल वा फ्लेक्स राख्न बाधा पर्ने छैन।

(ण) निर्वाचनमा उम्मेदवारको मनोनयनपत्र पेश गर्न जाँदा वा प्रचारप्रसारका लागि घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थक सहित पच्चिस जनाभन्दा बढीको जुलुस लिएर जान नहुने र यसरी जाँदा बाजा, गाजा तथा झाँकी सहित जान नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(त) अनलाइन वेबपेज, टिभी स्क्रोलिङ, सपिङ मलमा डिस्प्ले, कल सेन्टर सञ्चालन, बैङ्कका एटिएम काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारको बारेमा कुनै प्रचारप्रसार गर्न गराउन नहुने,

तर राजनीतिक दल वा उम्मेदवारको बढीमा एउटा निजी र आधिकारिक वेबपेजमा त्यस्तो प्रचारप्रसार सामग्री राख्न बाधा पर्ने छैन।

(थ) दलको झण्डाको वा दल वा उम्मेदवारको चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न वा गराउन नहुने,

(द) कुनै किसिमको भित्तेलेखन गर्न वा गराउन, चारपाङ्ग्रे गाडी, मोटरसाइकल, साइकल, बयलगाडा, रिक्सा, टाँगा, ठेलागाडा लगायत सबै प्रकारका सवारीसाधन प्रयोग गरी र्‍याली आयोजना गर्न वा प्रचारप्रसार गराउन नहुने,

(ध) ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक तथा आपाङ्गता भएका व्यक्तिहरूको भावना, इज्जत, चरित्र तथा प्रतिष्ठामा आँच आउन सक्ने प्रकारले कुनै किसिमका प्रचारप्रसार गर्न गराउन नहुने,

(न) दल वा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकारको ¬याली गर्दा बढीमा दशवटा राष्ट्रिय झण्डा प्रयोग गर्न बाहेक निर्वाचन प्रचारप्रसार गर्दा राष्ट्रिय झण्डा प्रयोग गर्न गराउन नहुने,

(प) कुनै पनि धर्मको नाममा प्रचारप्रसार गर्न गराउन नहुने,

(फ) उम्मेदवार तथा निजको परिवारलाई कुनै तवरबाट डर, त्रास तथा धम्की दिन नहुने,

(ब) कुनै साम्प्रदायिक विद्वेष फैलाउने गरी प्रचार प्रसार गर्न वा मत माग्न नहुने,

(भ) निर्वाचन प्रचारप्रसारको लागि कोणसभा वा आमसभा गर्दा मञ्चको तयारीको लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैं वा आफ्नो प्रतिनिधि मार्फत मतदान सम्पन्न भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित निर्वाचन कार्यालयमा पेश गर्नुपर्ने,

(म) उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिनभन्दा सत्र दिन अघिदेखि मात्र निर्वाचन प्रचारप्रसार सम्बन्धी देहायको काम गर्न सक्ने :-

(१) जुलुस, आमसभा वा कोणसभा गर्न,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सञ्चार माध्यममा कुनै प्रकारको प्रचारप्रसार सामग्री प्रकाशन वा प्रसारण गर्न,

(३) निर्वाचन प्रचारप्रसारको लागि घरदैलो कार्यक्रम गर्न।

(य) निर्वाचनमा विजयी भएको उम्मेदवारले कुनै प्रकारको भोज भतेर गर्न वा नगद वा जिन्सी वितरण गर्न नहुने,

(र) राजनीतिक दल वा उम्मेदवारले सवारी साधनको प्रयोग गरी एक जिल्लाबाट अर्को जिल्लामा मतदाता ओसारपसार गर्न नहुने।

(२) उपदफा (१) को खण्ड (ज) विपरीत कुनै स्थानमा त्यस्तो सामग्री राखेको वा टाँसेको भएमा सम्बन्धित निर्वाचन क्षेत्रको सम्बन्धित उम्मेदवारले राखेको मानी आवश्यक कारबाही हुनेछ।

१४. **सवारीसाधन प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण :** (१) राजनीतिक दल, उम्मेदवार, दलको भातृ सङ्गठन तथा सम्बन्धित व्यक्तिले सवारीसाधन प्रयोग गर्दा देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) निर्वाचन अधिकृतको अनुमति लिई उम्मेदवार भएको सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा आयोगले तोके बमोजिम बढीमा दुईवटा दुईपाङ्ग्रे वा तीनपाङ्ग्रे वा चारपाङ्ग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन र त्यस्ता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सवारीसाधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्न सक्ने,

तर विदेशी नम्बर प्लेटको सवारीसाधनलाई त्यस्तो अनुमति दिइने छैन।

(ख) कुनै पदको निर्वाचन प्रचारप्रसारको लागि राजनीतिक दलले खण्ड (क) बमोजिमको प्रक्रिया पूरा गरी सोही बमोजिमको सङ्ख्या र प्रकारका सवारीसाधन मात्र प्रयोग गर्नुपर्ने,

(ग) खण्ड (क) र (ख) बमोजिम अनुमति प्राप्त गरेको सवारीसाधनको स्वरूप परिवर्तन गरी प्रयोग गर्न वा गराउन नहुने,

(घ) एउटा दल वा उम्मेदवारको नाममा अनुमति लिएको सवारीसाधन अन्य दल वा उम्मेदवारलाई प्रयोग गर्न दिन वा अन्य उम्मेदवारले प्रयोग गर्न नहुने,

(ङ) कुनै दल वा उम्मेदवारले अनुमति लिएको सवारीसाधन प्रयोग गरी मतदाता ओसारपसार गर्न नहुने,

तर हिँडडुल गर्न नसक्ने गर्भवती महिला, सुत्केरी, साथमा आफ्नै बच्चा बोकेकी महिला, क्रियापुत्री, शारीरिक रूपले अशक्त वा आपाङ्गता भएका व्यक्ति, हिँडडुल गर्न नसक्ने ज्येष्ठ नागरिक जस्ता मतदाताको लागि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्वाचन अधिकृतले अनुमति दिएको सवारीसाधन प्रयोग गर्न बाधा पर्ने छैन।

(च) सम्बन्धित स्थान तोकी प्रयोग गर्ने गरी अनुमति लिएको सवारीसाधन अन्य स्थानमा प्रयोग गर्न नहुने,

(छ) राजनीतिक दलले प्रचारप्रसारको लागि आफ्नो तर्फबाट दुई जना मुख्य प्रचारकको नाम आयोगमा बुझाउनु पर्ने र आयोगले अनुमति दिएका मुख्य प्रचारकले मात्र हेलिकप्टर सेवा प्रयोग गर्न सक्ने,

तर कुनै मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारी मुख्य प्रचारक भएमा निजले दफा ५ को खण्ड (क) र (ख) मा उल्लिखित व्यवस्थाको पालना गर्नु पर्नेछ।

(ज) राजनीतिक दलले हेलिकप्टर सेवा प्रयोग गर्दा राजनीतिक दलको लागि आयोगले निर्धारण गरेको समानुपातिक निर्वाचन प्रणाली बमोजिम बन्दसूचीका उम्मेदवारको सङ्ख्याको आधारमा राजनीतिक दलले गर्न पाउने खर्चको सीमाभित्र रही गर्नुपर्ने,

तर राष्ट्रिय सभा सदस्य निर्वाचन वा स्थानीय तहको निर्वाचन वा उपनिर्वाचनमा हेलिकप्टरको प्रयोग गर्नु परेमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको उम्मेदवारले गर्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाउने निर्वाचन खर्चको सीमाभित्र रही सम्बन्धित उम्मेदवारको खर्च शीर्षकमा समावेश गरी गर्नु पर्नेछ ।

(झ) खण्ड (क) बमोजिम अनुमति पाएको सवारीसाधन बाहेक अन्य सवारीसाधन प्रयोग गरी निर्वाचन प्रचारप्रसार गर्न वा प्रचारप्रसार सामग्री प्रदर्शन गर्न नहुने।

(२) उपदफा (१) को खण्ड (झ) विपरीत अनुमति नलिएको सवारीसाधन प्रयोग गरी प्रचारप्रसार गरेमा वा त्यस्तो सवारीसाधनमा निर्वाचन प्रचारप्रसार सामग्री प्रदर्शन गरेमा सम्बन्धित स्थानको ट्राफिक प्रहरी वा अन्य सुरक्षाकर्मीले त्यस्तो सवारी साधन नियन्त्रणमा लिई सोको जानकारी जिल्ला आचारसंहिता अनुगमन समितिलाई गराउनु पर्नेछ।

**१५. <u>सञ्चारमाध्यमको प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण</u> :** (१) राजनीतिक दल, उम्मेदवार तथा दलका भातृ सङ्गठनले प्रचारप्रसारमा सञ्चारमाध्यमको प्रयोग गर्दा देहायको आचरण पालना गर्नु पर्नेछ :-

(क) राजनीतिक दलले टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबिस घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने र पत्रपत्रिकाको माध्यमबाट प्रचारप्रसार गर्दा प्रत्येक दिन बढीमा चार कोलम×पच्चिस सेन्टिमिटर उचाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(Four column× Twenty five cm Height) सम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्ने,

(ख) स्थानीय तह सदस्यको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा चौबिस घण्टामा बढीमा दुई पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,

(ग) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्य पदको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबिस घण्टामा बढीमा तीन पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,

(घ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य पदको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा चौबिस घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तह सदस्य पदको निर्वाचनमा भाग लिने उम्मेदवारले पत्रपत्रिकाको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा प्रत्येक दिन बढीमा चार कोलम×पच्चिस सेन्टिमिटर उचाई (Four column × Twenty five cm Height) सम्मको आकारमा कुनै एउटा पत्रिकामा मात्र प्रचार सामग्री छपाउन सक्ने,

(च) राष्ट्रिय सभा सदस्यको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा चौबिस घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने र पत्रपत्रिकाको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा प्रत्येक दिन बढीमा चार कोलम×पच्चिस सेन्टिमिटर उचाइ (Four column × Twenty Five cm Height) सम्मको आकारमा कुनै एउटा पत्रिकामा मात्र प्रचार सामग्री छपाउन सक्ने,

(छ) राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा चौबिस घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने र पत्रपत्रिकाको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा प्रत्येक दिन बढीमा चार कोलम×पच्चिस सेन्टिमिटर उचाई (Four column × Twenty five cm Height) सम्मको आकारमा कुनै एउटा पत्रिकामा मात्र प्रचार सामग्री छपाउन सक्ने।

(२) राजनीतिक दल, उम्मेदवार तथा दलका भातृ सङ्गठनले सूचना तथा प्रसारण विभागमा दर्ता भई प्रेस काउन्सिल नेपालमा सूचीकृत भएका अनलाइन सञ्चारमाध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा देहायको आचरण पालना गर्नु पर्नेछ :-

(क) राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचारप्रसार सम्बन्धी एक मिनेटसम्मको श्रव्यदृश्य सामग्री प्रसारण गराउन सक्ने,

(ख) राजनीतिक दलले अनलाइन सञ्चारमाध्यमबाट रोडब्लक, कन्टेन्ट ब्लक, होमपेज, ब्यानर, डिटेल पेज ब्यानर, बक्स विज्ञापन (सामाचारको बीचमा)को माध्यमबाट निर्वाचन प्रचारप्रसार गराउन सक्ने,

(ग) खण्ड (क) वा (ख) बमोजिम अनलाइन सञ्चारमाध्यमबाट प्रकाशन वा प्रसारण गरिने निर्वाचन प्रचारप्रसार सामग्रीमा सःशुल्क विज्ञापन भएको जनाउ दिनुपर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) खण्ड (क) वा (ख) बमोजिम अनलाइन सञ्चारमाध्यमबाट गरिने निर्वाचन प्रचारप्रसार सामग्रीमा कसैप्रति गाली गलौज, मिथ्या सूचना, दुष्प्रचार, द्वेषपूर्ण अभिव्यक्ति समावेश हुन नहुने,

(ङ) राजनितिक दल वा उम्मेदवारले अनलाइन सञ्चारमाध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा लागेको खर्चको विवरण प्रचलित कानून बमोजिम पेश गर्नुपर्ने निर्वाचन खर्चको विवरणमा समावेश गर्नुपर्ने।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी सञ्चारमाध्यमबाट निर्वाचन सम्बन्धी प्रचार सामग्री प्रकाशन वा प्रशारण गर्न वा गराउन पाइने छैन।

१६. **निर्वाचन खर्च सम्बन्धी आचरण :** राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन खर्च सम्बन्धी देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) उम्मेदवारले मनोनयनपत्र दर्ता गर्दा निर्वाचनमा आफूले खर्च गर्ने अनुमानित रकम र सोको स्रोत समेत खुलाउनु पर्ने,

(ख) उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा बैङ्क वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट गर्नुपर्ने,

(ग) उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोक्नुपर्ने,

(घ) खण्ड (ग) बमोजिम तोकिएका पदाधिकारीको नाम नामेसी सहितको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विवरण निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन कार्यालयमा जानकारी गराउनु पर्ने,

(ङ) राजनीतिक दलले निर्वाचन सम्बन्धी खर्च गर्दा बैङ्क वा वित्तीय संस्थामा छुट्टै खाता खोली दलले तोकेको जिम्मेवार पदाधिकारीद्वारा सो खाताबाट खर्च गर्नुपर्ने,

(च) पच्चिस हजार रूपैयाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैङ्क वा वित्तीय संस्था मार्फत गर्नुपर्ने,

(छ) व्यक्ति वा संस्थाबाट स्वेच्छिक सहयोगको रूपमा नगद लिएमा सो रकम बुझेको रसिद वा भरपाई दिई खण्ड (ख) बमोजिम उम्मेदवारको वा खण्ड (ङ) बमोजिम दलको बैङ्क खातामा जम्मा गर्नुपर्ने,

(ज) खण्ड (ख) र (ङ) बमोजिमको खर्चको विवरण तथा बिल भरपाई राख्नुपर्ने,

(झ) आम्दानी तथा खर्चको विवरण प्रचलित कानून बमोजिम आयोगले तोकेको ढाँचामा जिल्ला निर्वाचन कार्यालय वा आयोगमा बुझाउनु पर्ने,

(ञ) आयोगले खर्चको बिल भरपाई तथा बैङ्क वा वित्तीय संस्थामा रहेको खाताको विवरण पेश गर्न आदेश दिएमा सक्कल बिल भरपाई तथा बैङ्क वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वित्तीय संस्थाको खाताको विवरण पेश गर्नुपर्ने,

(ट) निर्वाचन खर्चको विवरण निर्वाचन सम्पन्न भएपछि सार्वजनिक गरी निर्वाचन सम्बन्धी प्रचलित कानूनले तोकेको अवधिभित्र आयोग वा निर्वाचन कार्यालयमा पेश गर्नुपर्ने।

**१७. <u>मतदान हुने दिनको अघिल्लो अठचालिस घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म पालना गर्नुपर्ने विशेष आचरण</u> :** मतदान हुने दिनको अघिल्लो अठचालिस घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म राजनीतिक दलका पदाधिकारी वा उम्मेदवार तथा दलको भातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) निर्वाचन प्रचारप्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न नपाइने,

(ख) मतदान हुने दिनको अठचालिस घण्टा अघि मतदान स्थलको तीन सय मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाउनु पर्ने,

(ग) कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुने,

(घ) आर्टिफिसियल इन्टिलिजेन्स (ए.आइ.) को प्रयोग गरी वा नगरी सामाजिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा गराउन वा प्रतिक्रिया दिन नहुने।

**१८.** **मतदानको दिन पालना गर्नुपर्ने आचरण :** मतदानको दिन राजनीतिक दल, उम्मेदवार तथा दलको भातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) मतदान केन्द्रमा राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधिले निर्वाचन चिन्ह वा मत सङ्केत भएको पहिरन वा ब्याच लगाउन नहुने,

(ख) मतदान केन्द्रमा कुनै राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने एकै किसिमको साङ्केतिक पोशाक र चीजवस्तु लगाउन, बोक्न वा देखाउन नहुने,

(ग) कुनै किसिमको सवारीसाधन प्रयोग गरी आवतजावत गर्न वा कसैलाई लैजाने वा ल्याउने गर्न नहुने,

तर हिँडडुल गर्न नसक्ने गर्भवती महिला, सुत्केरी, साथमा आफ्नै बच्चा बोकेकी महिला, क्रियापुत्री, शारीरिक रूपले अशक्त वा आपाङ्गता भएका व्यक्ति, हिँडडुल गर्न नसक्ने ज्येष्ठ नागरिक जस्ता मतदाताको लागि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्वाचन अधिकृतले अनुमति दिएको सवारीसाधन प्रयोग गर्न बाधा पर्ने छैन।

(घ) मतदाता तथा आयोगले अनुमति दिएका व्यक्ति वा अधिकारी बाहेक अन्य कुनै पनि व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न नहुने।

**१९.** **<u>सम्पत्ति विवरण पेश गर्नु पर्ने</u> :** (१) निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवार हुने व्यक्तिले मनोनयनपत्र साथ आयोगले तोकेको ढाँचामा सम्पत्ति विवरण तयार गरी सिलबन्दी रूपमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति विवरणको व्यवस्थापन देहाय बमोजिम गरिनेछ :-

(क) मतदानको अन्तिम परिणाम प्रकाशन नभएसम्म सुरक्षित र गोप्य रुपमा राखिने,

(ख) सम्पत्ति विवरण पेश गर्ने उम्मेदवार निर्वाचित भएमा निजको मञ्जुरीको आधारमा आयोगले तोके बमोजिम त्यस्तो सम्पत्ति विवरण सार्वजनिक गरिने,

(ग) उम्मेदवार निर्वाचित नभएमा आयोगले तोके बमोजिम निजले सम्पत्ति विवरण फिर्ता माग गरेमा फिर्ता दिइने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) खण्ड (ग) बमोजिम त्यस्तो सम्पत्ति विवरण फिर्ता माग नगरेमा सोको अभिलेख राखी धुल्याइने।

२०. **वैयक्तिक विवरण पेश गर्नुपर्ने** : (१) निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवार हुने व्यक्तिले मनोनयनपत्रसाथ आफ्नो नाम, थर, ठेगाना, शैक्षिक योग्यता, अनुभव तथा आफूले उल्लेख गर्न चाहेको थप विवरण उल्लेख गरी आयोगले तोके बमोजिमको ढाँचामा वैयक्तिक विवरण फाराम समेत पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वैयक्तिक विवरण उम्मेदवारको अन्तिम नामावली प्रकाशन भए पछि निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा प्रकाशन गरी आयोगमा पठाउनु पर्नेछ र आयोगले निर्वाचन क्षेत्र अनुसार एकीकृत विवरण तयार गरी आयोगको वेबसाइटमा प्रकाशन गर्नेछ।

## परिच्छेद-५

## मतदाता र मतदान तथा मतगणना प्रतिनिधिले पालना गर्नुपर्ने आचरण

२१. **मतदाताले पालना गर्नुपर्ने आचरण** : मतदाताले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) मतदान केन्द्रमा मतदान गर्न जाँदा प्रज्वलनशील ठोस वा तरल पदार्थ, मोबाइल, क्यामरा साथमा लिएर जान नहुने,

(ख) मतदान केन्द्रमा मतदान गर्न जाँदा कुनै नशालु पदार्थ वा मादक पदार्थ सेवन गर्न नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) मतदातालाई मतदान गर्न जान वा मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायले झुठा अफवाह, भ्रामक समाचार फैलाउन वा कुनै अवरोध गर्ने काम गर्न वा गराउन नहुने,

(घ) मतदान गर्न जाँदा दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अङ्कित कपडा, टि-सर्ट, ज्याकेट, गम्छा, टोपी वा क्याप, भेष्ट, लोगो, ब्याच, मास्क, स्टिकर लगाउन वा झोला बोक्न नहुने,

(ङ) मतदान गर्न जाँदा मतदाताको शरीरको कुनै भागमा बनाइएको उम्मेदवारको फोटो, दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अङ्कित ट्याटु प्रदर्शन गर्न नहुने,

(च) कसैको पक्ष वा विपक्षमा एस.एम.एस., सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यम प्रयोग गरी तथ्यहीन सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नहुने।

२२. **मतदान तथा मतगणना प्रतिनिधिले पालना गर्नुपर्ने आचरण** : राजनीतिक दल तथा उम्मेदवारको मतदान तथा मतगणना प्रतिनिधिले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा सङ्केत भएको पहिरन वा ब्याच, लकेट, मास्क लगाउन नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने एकै किसिमको साङ्केतिक पोशाक, लोगो, ब्याच जस्ता सामग्री लगाउन, बोक्न र देखाउन नहुने,

(ग) मतपत्र लगायतका निर्वाचन सामग्री छुन वा चलाउन वा बिगार्न वा फोटो खिच्न नहुने,

(घ) मतदानस्थल वा मतगणनास्थलमा दल वा उम्मेदवारको पक्ष वा विपक्षमा नाराबाजी वा हुलहुज्जत गर्न नहुने,

(ङ) क्यामरा, मोबाइल लगायतका निर्वाचन अधिकृतले अनुमति नदिएका सामग्री मतगणना स्थलमा लैजान नहुने।

## परिच्छेद-६

## पर्यवेक्षण संस्था तथा पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण

२३. **पर्यवेक्षण संस्थाले पालना गर्नुपर्ने आचरण** : पर्यवेक्षण संस्थाले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) आयोगबाट अनुमति नलिई पर्यवेक्षण गर्न नहुने,

(ख) सरकारी वा सरकारी स्वामित्व भएका वा अर्धसरकारी सङ्घ, संस्था, विश्वविद्यालय वा सामुदायिक विद्यालयका बहालवाला कर्मचारी वा शिक्षकलाई पर्यवेक्षण गर्न खटाउन नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) पर्यवेक्षकलाई निजको स्थायी बसोबास भएको वा मतदाता नामावलीमा नाम समावेश भएको गाउँपालिका वा नगरपालिकाको वडामा पर्यवेक्षणका लागि खटाउन नहुने,

(घ) पर्यवेक्षण कार्य समाप्त भएको तिस दिनभित्र आफ्नो संस्थाको आय र व्यय सार्वजनिक गर्नुपर्ने र सोको लिखित जानकारी आयोगलाई गराउनु पर्ने,

(ङ) पर्यवेक्षणका लागि अनुमति प्राप्त सङ्घ संस्थाले मतदान समाप्त भएको पन्ध्र दिनभित्र प्रारम्भिक पर्यवेक्षण प्रतिवेदन र तिस दिनभित्र अन्तिम पर्यवेक्षण प्रतिवेदन आयोगमा बुझाउनु पर्ने।

२४. **पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण** : पर्यवेक्षकले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) पर्यवेक्षक परिचयपत्र सबैले देखे गरी लगाउनु पर्ने,

(ख) विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र संस्कृतिको सम्मान गरी स्वतन्त्र, निष्पक्ष, तटस्थ, विश्वसनीय ढङ्गले पर्यवेक्षण गर्नुपर्ने,

(ग) मतदान अधिकृतको अनुमति लिएर निश्चित दूरीबाट मात्र मतदान कार्यको पर्यवेक्षण गर्ने,

(घ) राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सार्वजनिक रूपमा वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आमसञ्चार माध्यममा कुनै किसिमको टिका टिप्पणी गर्न नहुने,

(ङ) आयोगले अनुमति दिएको क्षेत्रमा मात्र पर्यवेक्षण गर्नुपर्ने,

(च) राजनीतिक दल, उम्मेदवार, कर्मचारी वा अन्य व्यक्तिसँग नगद वा जिन्सी वा उपहार वा अन्य कुनै सामान लेनदेन गर्न नहुने,

(छ) राजनीतिक दल वा उम्मेदवारको समर्थन वा विरोध हुने गरी पर्यवेक्षकले निर्वाचन चिन्ह अङ्कित ब्याच लगाउन वा अन्य कुनै माध्यमद्वारा प्रचारप्रसार वा प्रदर्शन गर्न नहुने,

(ज) निर्वाचनलाई प्रभावित पार्ने कुनै सूचना प्रवाह गर्न वा वक्तव्य दिन वा अवाञ्छित क्रियाकलाप गर्न नहुने,

(झ) सुरक्षा संवेदनशील स्थानमा पर्यवेक्षण गर्न नहुने,

(ञ) मतदाताले गोप्य मत सङ्केत गरेको कक्षमा तस्बिर खिच्न नहुने,

तर निर्वाचन अधिकृत वा मतदान अधिकृतको अनुमति लिई मतदानस्थलको घेरा बाहिरबाट तस्बिर खिच्न बाधा पर्ने छैन।

(ट) निर्वाचन अधिकृत वा आयोगले निर्वाचनको अन्तिम परिणाम घोषणा गर्नु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अघि उम्मेदवार विजयी भएको सूचना सम्प्रेषण गर्न वा गराउन नहुने,

(ठ) निर्वाचन सम्बन्धी कानून तथा निर्वाचन सामग्रीका सम्बन्धमा निर्वाचनलाई असर पर्ने गरी नकारात्मक टिकाटिप्पणी गर्न नहुने,

(ड) मतदान केन्द्रमा खटिएका मतदान अधिकृत तथा अन्य कर्मचारीलाई निजहरूको कार्यसम्पादनमा बाधा पुऱ्याउन नहुने,

(ढ) निर्वाचन सम्पन्न भएको पन्ध्र दिनभित्र प्रारम्भिक प्रतिवेदन र तिस दिनभित्र अन्तिम प्रतिवेदन आयोगमा बुझाउनु पर्ने।

## परिच्छेद-७

## सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले पालना गर्नुपर्ने आचरण

२५. **सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले पालना गर्नुपर्ने आचरण** : (१) सञ्चार प्रतिष्ठान, सोमा सम्बद्ध कर्मचारी तथा पत्रकारले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) कुनै राजनीतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधिबाट दान, उपहार वा आर्थिक सहयोग लिन नहुने,

(ख) कसैको पक्ष वा विपक्षमा समाचार प्रकाशन वा प्रसारण गर्न नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) जातजाति, भाषा, धर्म, सम्प्रदाय, लिङ्ग र क्षेत्र बीचको सम्बन्ध र सद्भावमा खलल पार्ने, राजनीतिक आस्था वा बिचार, राष्ट्रियता तथा सामाजिक अवस्था जस्ता कुनै पनि आधारमा भेदभाव हुने गरी समाचार प्रकाशन वा प्रसारण गर्न नहुने,

(घ) राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारको लागि निःशुल्क विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नहुने,

(ङ) दफा १५ बमोजिम राजनीतिक दल वा उम्मेदवारको निर्वाचन सम्बन्धी विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्दा सो विज्ञापनमा सःशुल्क भएको जनाउ दिनुपर्ने,

तर मतदान हुने दिनको अघिल्लो अठचालिस घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म त्यस्तो विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न पाइने छैन।

(च) कसैको पक्ष वा विपक्षमा एस.एम.एस., सामाजिक सञ्जाल, अनलाइन छापा जस्ता विद्युतीय माध्यममा आर्टिफिसियल इन्टिलिजेन्स (ए.आइ.) को प्रयोग गरी वा नगरी कुनै सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न तथा त्यस्ता सामग्री



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सामाजिक सञ्जालमा पोस्ट, रिपोस्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन लगायतका कार्य गर्न वा गराउन नहुने,

(छ) सूचनाको स्रोतको गोपनीयता भङ्ग गर्न नहुने,

(ज) राजनीतिक दल वा उम्मेदवार तथा उम्मेदवारको एकाघरका परिवारका सदस्यको मान, प्रतिष्ठा, इज्जतमा आँच पुऱ्याउने तथा गलत र भ्रामक समाचार प्रकाशन तथा प्रसारण गर्न नहुने,

(झ) मतदान हुने दिनको अघिल्लो अठचालिस घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा विज्ञापनका अतिरिक्त टक सो, टिप्पणी, विश्लेषण, प्रश्नोत्तर जस्ता कार्यक्रम गर्न नहुने,

(ञ) निर्वाचनको बारेमा नकारात्मक सन्देश प्रवाह गर्ने लेख, तस्बिर वा समाचार प्रकाशन वा प्रशारण गर्न नहुने,

(ट) नेपालको निर्वाचन, राजनीतिक दल र उम्मेदवारलाई नकारात्मक असर पुग्ने गरी विदेशी सञ्चारमाध्यमबाट प्रकाशित वा प्रसारित सामग्री पुनः प्रकाशन वा प्रशारण गर्न नहुने, र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) कसैले निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, अपमान गर्ने, मिथ्या सूचना, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिकाटिप्पणी इन्टरनेट वा टेलिभिजनमा सम्प्रेषण गर्न नहुने र त्यस्तो टिकाटिप्पणी सम्प्रेषण भएमा इन्टरनेट सेवा प्रदायक वा केबल टेलिभिजन वितरकले त्यस्ता सूचना वा अभिव्यक्तिलाई हटाउनु पर्ने।

(२) यस आचारसंहिताको अधीनमा रही कुनै पनि सञ्चार संस्था वा सञ्चार गृहले आफ्नो संस्थामा कार्यरत पत्रकार, स्ट्रिन्जर, क्रु मेम्बर र कर्मचारीलाई निर्वाचन सम्बन्धी स्वःआचारसंहिता बनाई लागू गर्न सक्नेछ।

## परिच्छेद-८

## निर्वाचन आचारसंहिता अनुगमन सम्बन्धी व्यवस्था

२६. **केन्द्रीय आचारसंहिता अनुगमन समिति रहने** : (१) निर्वाचन आचारसंहिता कार्यान्वयनको अनुगमन गर्न आयोगमा देहायको केन्द्रीय आचारसंहिता अनुगमन समिति रहनेछः-

(क) आयोगले तोकेको आयुक्त - संयोजक

(ख) सचिव, आयोग - सदस्य

(ग) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (निर्वाचन हेर्ने) - सदस्य

(घ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) सचिव, गृह मन्त्रालय - सदस्य

(च) सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - सदस्य

(छ) सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - सदस्य

(ज) प्रहरी महानिरीक्षक, नेपाल प्रहरी - सदस्य

(झ) प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल - सदस्य

(ञ) मुख्य अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग - सदस्य

(ट) सहसचिव, कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा -सदस्य-सचिव

(२) केन्द्रीय आचारसंहिता अनुगमन समितिले आवश्यकता अनुसार विषयगत उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ।

(३) केन्द्रीय आचारसंहिता अनुगमन समितिले आवश्यकता अनुसार प्रेस काउन्सिलका अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष, विज्ञापन बोर्डका अध्यक्ष, निजी क्षेत्रका छाता सङ्गठनका अध्यक्ष, नेपाल पत्रकार महासङ्घका सभापति, नागरिक समाजका अध्यक्ष वा प्रतिनिधि, सम्बन्धित विषयका विज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ।

(४) केन्द्रीय आचारसंहिता अनुगमन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७. **केन्द्रीय आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकार :** केन्द्रीय आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अनुगमनकर्ता तथा अनुगमन टोलीबाट प्राप्त अनुगमन सम्बन्धी सूचना तथा प्रतिवेदन विश्लेषण गरी तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ख) निर्वाचन आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी लिने, जसको विरुद्ध उजुरी परेको हो सो व्यक्तिसँग स्पष्टीकरण माग गर्ने, आचारसंहिता उल्लङ्घन सम्बन्धी कार्य तत्काल रोक्न आदेश दिने तथा आचारसंहिता उल्लङ्घनकर्तालाई आवश्यक कारबाहीको लागि आयोग समक्ष सिफारिस गर्ने,

(ग) निर्वाचन आचारसंहिता उल्लङ्घनकर्ताको नाम सार्वजनिक गर्न आयोग समक्ष सिफारिस गर्ने,

(घ) निर्वाचन आचारसंहिता पालना सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया गर्ने,

(ङ) अनुगमनमा खटिने अनुगमनकर्ताको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

(च) निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आवश्यक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारबाहीका लागि आयोग समक्ष सिफारिस गर्ने,

(छ) राजनीतिक दल वा उम्मेदवारले आयोगले तोकेको हदभन्दा बढी खर्च गरेको पाइएमा त्यस्तो दल वा उम्मेदवारलाई आवश्यक कारबाहीको लागि आयोग समक्ष सिफारिस गर्ने,

(ज) निर्वाचनको काममा खटाइएका कर्मचारी वा सुरक्षाकर्मीले निर्वाचन सम्बन्धी कामको सिलसिलामा निर्वाचन आचारसंहिताको उल्लङ्घन हुने गरी बदनियतपूर्वक कुनै काम गरेको पाइएमा आवश्यक कारबाहीको लागि आयोग समक्ष सिफारिस गर्ने,

(झ) निर्वाचन आचारसंहिता कार्यान्वयन तथा अनुगमनको लागि आवश्यक जनशक्ति र उपकरण परिचालन गर्न आयोग समक्ष सिफारिस गर्ने,

(ञ) निर्वाचन आचारसंहिता अनुगमन सम्बन्धी अन्य समिति, अनुगमनकर्ता वा टोलीलाई आवश्यक निर्देशन दिने,

(ट) आयोगले तोकेका अन्य कार्य गर्ने।

२८. **निर्वाचन अधिकृतले निर्वाचन आचारसंहिता कार्यान्वयन गराउने :** (१) निर्वाचन अधिकृतले आफ्नो निर्वाचन क्षेत्र वा आफु खटिएको स्थानमा निर्वाचन आचारसंहिता कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम निर्वाचन आचारसंहिता पालनाको विषयमा निर्वाचन अधिकृतले अनुगमन गर्नु वा गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा कसैले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको पाइएमा निर्वाचन अधिकृतले आचारसंहिता उल्लङ्घन सम्बन्धी त्यस्तो कार्य रोक्न आदेश दिई आवश्यक कारबाहीको लागि आयोग र जिल्ला आचारसंहिता अनुगमन समितिलाई पठाउनु पर्नेछ।

२९. **निर्वाचन आचारसंहिता अनुगमन टोली** : (१) आयोगले निर्वाचन आचारसंहिता अनुगमन गर्न आवश्यकता अनुसार नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिका कर्मचारीको संयोजकत्वमा एक वा एकभन्दा बढी सदस्य रहेको अनुगमनकर्ता वा अनुगमन टोली गठन गरी परिचालन गर्न सक्नेछ।

(२) निर्वाचन आचारसंहिता अनुगमनकर्ता वा अनुगमन टोली आयोग तथा केन्द्रीय आचारसंहिता अनुगमन समितिप्रति उत्तरदायी रहनेछ।

(३) निर्वाचन आचारसंहिता अनुगमनकर्ता वा आचारसंहिता अनुगमन टोलीको कार्यादेश आयोगले तोके बमोजिम हुनेछ।

३०. **जिल्ला आचारसंहिता अनुगमन समिति** : (१) प्रत्येक जिल्लामा देहायको जिल्ला आचारसंहिता अनुगमन समिति रहनेछ :-

(क) मुख्य निर्वाचन अधिकृत -संयोजक

(ख) प्रमुख जिल्ला अधिकारी -सहसंयोजक

(ग) जिल्ला प्रहरी कार्यालयको प्रमुख -सदस्य

(घ) सशस्त्र प्रहरी बल, नेपालको जिल्लास्थित कार्यालय प्रमुख -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) राष्ट्रिय अनुसन्धान विभागको जिल्लास्थित प्रमुख -सदस्य

(च) अनुगमन अधिकृत -सदस्य

(छ) निर्वाचन कार्यालयको प्रमुख -सदस्य-सचिव

(२) जिल्ला आचारसंहिता अनुगमन समितिको बैठकमा निर्वाचन अधिकृतलाई आमन्त्रण गर्न सकिनेछ।

(३) जिल्ला आचारसंहिता अनुगमन समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित निर्वाचनमा भाग लिएका जिल्लास्थित राजनीतिक दलका प्रमुख, पदाधिकारी वा प्रतिनिधि, जिल्लास्थित कार्यालयका प्रमुख, जिल्लास्थित पत्रकार महासङ्घका अध्यक्ष वा प्रतिनिधि, निजी क्षेत्रका व्यावसायिक संस्थाका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, गैरसरकारी संस्था महासङ्घको जिल्ला समितिका प्रमुख वा प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(४) मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना नभएसम्म प्रमुख जिल्ला अधिकारीले जिल्ला आचारसंहिता अनुगमन समितिको संयोजकको रूपमा काम गर्नेछ।

(५) जिल्ला आचारसंहिता अनुगमन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

३१. **<u>जिल्ला आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकार</u>** : जिल्ला आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अनुगमनकर्ता वा अनुगमन टोली वा अन्य माध्यमबाट निर्वाचन आचारसंहिता कार्यान्वयन सम्बन्धी सूचना वा प्रतिवेदन नियमित रूपमा लिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (क) बमोजिम प्राप्त सूचना वा प्रतिवेदनबाट कसैले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको पाइएमा आचारसंहिता पालनाको लागि राजनीतिक दल, उम्मेदवार, निकाय, पदाधिकारी, आमसञ्चारका माध्यम, गैरसरकारी संस्था, पर्यवेक्षक तथा व्यक्तिलाई आवश्यक निर्देशन दिने,

(ग) निर्वाचन आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी लिने, जसको विरुद्ध उजुरी परेको हो सो व्यक्तिसँग स्पष्टीकरण माग गर्ने, निर्वाचन आचारसंहिता उल्लङ्घन सम्बन्धी कार्य तत्कालै रोक्ने आदेश दिने तथा निर्वाचन आचारसंहिता उल्लङ्घनकर्तालाई आवश्यक कारबाहीको लागि सजाय प्रस्ताव गरी केन्द्रीय आचारसंहिता अनुगमन समिति समक्ष सिफारिस गर्ने,

(घ) निर्वाचन आचारसंहिता उल्लङ्घनको उजुरीको विषयमा आवश्यक छानबिन गरी समाधान गर्न सक्ने विषयमा आफैंले समाधान गर्ने र समाधान गर्न नसक्ने विषयमा केन्द्रीय आचारसंहिता अनुगमन समिति समक्ष सिफारिस गर्ने,

(ङ) निर्वाचन आचारसंहिता उल्लङ्घनकर्ताको नाम सार्वजनिक गर्न केन्द्रीय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आचारसंहिता अनुगमन समिति समक्ष सिफारिस गर्ने,

(च) निर्वाचन आचारसंहिता पालना सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया गर्ने,

(छ) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि तथा कुनै व्यक्तिले निर्वाचन आचारसंहिता विपरीत सवारीसाधन प्रयोग गरेको पाइएमा तत्काल कब्जामा लिई नजिकको प्रहरी कार्यालयमा जिम्मा दिने,

(ज) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा कुनै व्यक्तिले निर्वाचन आचारसंहिता विपरीत पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले जस्ता प्रचारात्मक सामग्री प्रयोग गरेको पाइएमा तत्काल हटाउने वा हटाउन लगाउने र त्यस्तो स्थानलाई दुरूस्त बनाई राख्न आदेश दिने,

(झ) आवश्यकता अनुसार उम्मेदवारको निर्वाचन सम्बन्धी खर्च र खाताको विवरण सङ्कलन गर्ने,

(ञ) केन्द्रीय आचारसंहिता अनुगमन समितिमा नियमित रूपमा अनुगमन प्रतिवेदन पठाउने,

(ट) आयोग र केन्द्रीय आचारसंहिता अनुगमन समितिको सम्पर्क र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समन्वयमा रही निर्देशन दिएका अन्य काम गर्ने।

**३२. <u>निर्वाचन आचारसंहिता अनुगमन अधिकृत</u>** : (१) प्रत्येक जिल्लामा आयोगले तोकेको वा खटाएको नेपाल सरकार वा प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारीले निर्वाचन आचारसंहिता अनुगमन अधिकृतको रूपमा काम गर्नेछ।

(२) अनुगमन अधिकृतले आयोग र सम्बन्धित जिल्ला आचारसंहिता अनुगमन समितिप्रति उत्तरदायी भई आफ्नो जिम्मेवारी निर्वाह गर्नु पर्नेछ।

**३३. <u>अनुगमन अधिकृतको काम, कर्तव्य र अधिकार</u>** : (१) अनुगमन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

(क) सम्बन्धित जिल्लाभित्र निर्वाचन आचारसंहिता कार्यान्वयनका विषयमा नियमित रूपमा अनुगमन गरी पालना नभएको भए देहाय बमोजिम गर्ने :-

(१) सम्बन्धित राजनीतिक दल, उम्मेदवार, निकाय, अधिकारी, संस्था वा व्यक्तिलाई पालना गर्न आवश्यक निर्देशन दिने,

(२) निर्वाचन आचारसंहिता उल्लङ्घन सम्बन्धी कार्य तत्काल रोक्ने वा रोक्न लगाउने,

(३) निर्वाचन आचारसंहिताको उल्लङ्घन गर्नेलाई आवश्यक कारबाहीको लागि सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि, पर्यवेक्षक वा अन्य कुनै व्यक्तिले निर्वाचन आचारसंहिता विपरीत कार्य गरे गराएको पाएमा सोको जानकारी तत्काल निर्वाचन अधिकृत र जिल्ला आचारसंहिता अनुगमन समितिलाई गराउने।

(ख) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि तथा अन्य कुनै व्यक्तिले निर्वाचन आचारसंहिता विपरीत सवारीसाधन प्रयोग गरेको पाएमा सोको जानकारी तत्काल निर्वाचन अधिकृत र जिल्ला आचारसंहिता अनुगमन समितिमा गराउने,

(ग) यस आचारसंहिता विपरीत प्रयोग गरिएको सवारीसाधन तत्काल कब्जामा लिने,

(घ) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले प्रचलित कानून र यस आचारसंहिता विपरीत पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको पाइएमा तत्काल हटाउने वा हटाउन लगाउने र त्यस्तो स्थानलाई दुरुस्त बनाई राख्न आदेश दिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा कुनै व्यक्तिले यस आचारसंहिता विपरीत मोटरसाइकल र्‍याली जस्ता प्रचारात्मक कार्य गरेको पाइएमा तत्काल नियन्त्रणमा लिई प्रहरी जिम्मामा दिने।

(च) आयोग, केन्द्रीय आचारसंहिता अनुगमन समिति वा जिल्ला आचारसंहिता अनुगमन समितिले तोके बमोजिमका अन्य कार्य गर्ने।

(२) उपदफा (१) को खण्ड (ग), (घ) वा (ङ) बमोजिमको कार्य गर्दा अनुगमन अधिकृतले सुरक्षा निकायको सहयोग माग गर्न सक्नेछ र यसरी माग गरे बमोजिमको सहयोग उपलब्ध गराउनु सम्बन्धित सुरक्षा निकायको कर्तव्य हुनेछ।

(३) अनुगमन अधिकृतले निर्वाचन आचारसंहिता अनुगमन सम्बन्धी कार्य गर्दा आयोग, केन्द्रीय आचारसंहिता अनुगमन समिति र सम्बन्धित जिल्ला आचारसंहिता अनुगमन समितिप्रति उत्तरदायी भई आफ्नो जिम्मेवारी निर्वाह गर्नु पर्नेछ।

**३४. <u>सुक्ष्म अनुगमन सम्बन्धी व्यवस्था</u> :** (१) निर्वाचन आचारसंहिताको सुक्ष्म अनुगमन गर्न आयोगले एक वा एकभन्दा बढी सदस्य रहेको अनुगमनकर्ता वा अनुगमन इकाइ गठन गरी परिचालन गर्न सक्नेछ।

(२) सुक्ष्म अनुगमनमा खटाइने जनशक्तिलाई उपलब्ध गराइने सुविधा र निजको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) अनुगमनकर्तालाई अनुसूची -१ बमोजिमको परिचयपत्र उपलब्ध गराइनेछ।

३५. **दृश्य छायाङ्कन** : (१) केन्द्रीय आचारसंहिता अनुगमन समिति वा जिल्ला आचारसंहिता अनुगमन समितिले निर्वाचन आचारसंहिता उल्लङ्घनका घटनासँग सम्बन्धित दृष्यको छायाङ्कन गर्न आवश्यकता अनुसार भिडियो क्यामेरा सहितको छाँयाकार परिचालन गरी वा अन्य विद्युतीय उपकरण प्रयोग गरी दृष्य छायाङ्कन गर्न सक्नेछ।

(२) निर्वाचन आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरीको छानबिन गर्दा उपदफा (१) बमोजिमको छायाङ्कन गरिएको दृश्यलाई प्रमाणको रूपमा लिन सकिनेछ।

## परिच्छेद-९

## हरित निर्वाचन (ग्रिन ईलेक्सन) सम्बन्धी आचरण

३६. **हरित निर्वाचन सम्बन्धी आचरणको पालना गर्ने** : (१) राजनीतिक दल, उम्मेदवार, राजनीतिक दलको भातृ सङ्गठन वा उम्मेदवारको निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधिले देहाय बमोजिमको हरित निर्वाचन सम्बन्धी आचरणको पालना गर्नु पर्नेछ :-

(क) निर्वाचन प्रचारप्रसार गर्दा वतावरणमैत्री र प्रदुषण नियन्त्रणमा योगदान पुऱ्याउने गरी गर्नुपर्ने,

(ख) निर्वाचन प्रचारप्रसार, सभा, जुलुस, ऱ्याली वा घरदैलो कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गर्नुपर्ने,

(ग) निर्वाचन प्रचारप्रसार गर्दा डिजिटल प्रचारप्रसारलाई प्राथमिकता दिनुपर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) निर्वाचन प्रचारप्रसार, सभा, जुलुस वा ऱ्यालीमा ध्वनिप्रदुषण, जलप्रदुषण वा वायुप्रदुषण लगायतका प्रदुषण न्यून गर्ने उपाय अवलम्बन गर्नुपर्ने,

(ङ) निर्वाचनमा मतदातालाई हरित निर्वाचनलाई सहयोग पुग्नेगरी वातावरणमैत्री कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहन गर्नुपर्ने,

(च) निर्वाचन प्रचारप्रसार, सभा, जुलुस वा ऱ्याली वा घरदैलो कार्यक्रम गर्दा प्लाष्टिक वा पोलिथिन जस्ता अजैविक सामग्रीको प्रयोग गर्न नहुने,

(छ) निर्वाचन प्रचारप्रसारका कार्यक्रममा दफा १४ बमोजिमको सङ्ख्यामा सवारीसाधन प्रयोग गर्दा इलेक्ट्रिक वा नविकरणीय उर्जाबाट सञ्चालन हुने सवारीसाधनलाई प्राथमिकता दिनुपर्ने,

(ज) सभा, जुलुस, ऱ्याली वा घरदैलो जस्ता निर्वाचन प्रचारप्रसारका कार्यक्रम सकिए पश्चात् सम्बन्धित दल तथा उम्मेदवारले प्रयोग गरेका सामग्रीहरू अनिवार्य रूपमा सङ्कलन गरी वातावरणमैत्री तवरले उचित व्यवस्थापन गर्नुपर्ने,

(झ) सभा, जुलुस वा ऱ्याली जस्ता कार्यक्रम गर्दा वातावरणमा हानिकारक असर नपर्ने गरी वातावरणमैत्री तवरले गर्नुपर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

# परिच्छेद-१०

## विविध

**३७. निर्वाचन घोषणापत्र सार्वजनिक गर्नु पर्ने :** (१) राजनीतिक दल वा उम्मेदवारले निर्वाचन घोषणापत्र सार्वजनिक गरी सोको आधारमा प्रचारप्रसार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्वाचन घोषणापत्र राजनीतिक दलले आयोगमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) राजनीतिक दल वा निर्वाचित उम्मेदवारले निर्वाचन घोषणापत्रमा उल्लेख भए बमोजिमको कार्यप्रगतिको प्रतिवेदन प्रत्येक वर्ष सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ।

**३८. राजीनामा गर्नुपर्ने :** कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा सुविधा वा पारिश्रमिक पाउने गरी बहाल रहेको निर्वाचित वा मनोनित पदाधिकारीले स्थानीय तहको निर्वाचनमा उम्मेदवारको मनोनयन दर्ता गर्नु अगावै बहाल रहेको पदबाट राजीनामा गर्नु पर्नेछ।

**३९. पदमुक्त भएको मानिने :** सङ्घीय संसदको सदस्य, प्रदेश सभा सदस्य, गाउँ सभाको सदस्य वा नगर सभाको सदस्य पदमा बहाल रहेको व्यक्ति सङ्घीय संसदको सदस्य वा प्रदेश सभा सदस्य पदको लागि हुने निर्वाचनमा उम्मेदवार भएमा मनोनयनपत्र दर्ता भएपछि त्यस्तो पदबाट स्वतः पदमुक्त भएको मानिनेछ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "मनोनयनपत्र दर्ता" भन्नाले समानुपातिक निर्वाचन प्रणाली तर्फको उम्मेदवारको बन्दसूची दर्ता भएकोलाई समेत जनाउँछ।

**४०. स्वास्थ्य मापदण्ड अवलम्बन गर्नुपर्ने :** निर्वाचन प्रचारप्रसार लगायतका कार्यक्रम सञ्चालन गर्दा सङ्क्रामक रोगको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सङ्क्रमणको जोखिमलाई न्यूनीकरण गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट स्वीकृत स्वास्थ्य मापदण्ड अवलम्बन गर्नु पर्नेछ।

४१. **पेश्की फस्यौंट गर्नुपर्ने** : उम्मेदवारले आफू निर्वाचित, मनोनित वा नियुक्त भएको निकायबाट लिएको कुनै पनि प्रकारको पेश्की फस्यौंट गरेको हुनु पर्नेछ।

४२. **बेरुजु फस्यौंट गर्नुपर्ने** : उम्मेदवारले लेखापरीक्षणबाट आफ्नो नाममा किटानीसाथ असुल उपर गर्ने भनी कायम भएको बेरुजु फस्यौंट गरेको हुनु पर्नेछ।

४३. **प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्नुपर्ने** : (१) निर्वाचन तथा मतगणनाको काममा संलग्न हुने कर्मचारीले अनुसूची-२ बमोजिमको प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्नु पर्नेछ।

(२) राजनीतिक दल, उम्मेदवार, उम्मेदवारको प्रतिनिधि, मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिले अनुसूची-३ बमोजिमको प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्नु पर्नेछ।

४४. **विवरण लिन सक्ने** : (१) आयोगले यस आचारसंहिताको पालना तथा राजनीतिक दल वा उम्मेदवारले गर्न पाउने निर्वाचन खर्चको सम्बन्धमा नेपाल प्रहरी, अन्य सुरक्षा निकाय, कुनै कार्यालय वा व्यक्ति मार्फत आवश्यक विवरण लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण उपलब्ध गराउनु सम्बन्धित निकाय वा व्यक्तिको कर्तव्य हुनेछ।

४५. **अनुमति नदिने** : यस आचारसंहितामा अनुमति दिने व्यवस्था भएका विषयमा बाहेक यस आचारसंहिता बमोजिम गर्नुपर्ने कार्य नगर्न वा गर्न नमिल्ने कार्य गर्न आयोगले अनुमति दिने छैन।

४६. **अनुमति लिनु नपर्ने** : यस आचारसंहितामा उल्लेख नभएको अन्य कार्य गर्नको लागि यो आचारसंहिता बमोजिम आयोगको अनुमति लिनुपर्ने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४७. **आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी दिन सक्ने** : (१) कसैले यो आचारसंहिता उल्लङ्घन गरेको पाइएमा उजुरी दिन चाहने व्यक्तिले मौखिक, लिखित, सामाजिक सञ्जाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय वा यस आचारसंहिताको परिच्छेद-८ बमोजिमका समिति, टोली वा अनुगमन अधिकृत समक्ष अनुसूची-४ बमोजिमको ढाँचामा उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजुरी दिंदा आधार, कारण र सो सम्बन्धी कुनै प्रमाण भए सो समेत संलग्न गरी दिनु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेमा मौखिक रूपमा वा विद्युतीय माध्यमबाट समेत उजुरी दिन सकिनेछ। यसरी उजुरी दिइएकोमा सम्बन्धित निकाय वा अधिकारीले सोको अभिलेख राखी आवश्यक कारबाही प्रक्रिया अघि बढाउनु पर्नेछ।

(४) उपदफा (१) वा (३) बमोजिम उजुरी दिने उजुरीकर्ताले आफ्नो नाम नामेशी सहितको विवरण प्रकाश गर्न नचाहेमा सार्वजनिक गरिने छैन।

४८. **आचारसंहिता उल्लङ्घनमा हुने कारबाही** : (१) कसैले यो आचारसंहिता उल्लङ्घन गरेमा आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम एक लाख रुपैयाँसम्म जरिबाना गर्न वा उम्मेदवारी रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम निर्वाचन कसूर मानिने कार्यको हकमा निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ बमोजिम कारबाही गर्न बाधा पर्ने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचारप्रसार अभियानमा निर्वाचन आचारसंहिताले निषेध गरेको काम कारबाही गर्न वा गराउनका लागि कुनै प्रकारले आर्थिक सहयोग लिन वा काम कारबाहीको लागि खर्च गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य गर्ने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३० को उपदफा (१) र (२) बमोजिम त्यसरी गरेको आम्दानी वा खर्च बराबरको रकम जरिबाना गर्न सक्नेछ। त्यसरी भएको जरिबाना छ महिनासम्म नबुझाउने उम्मेदवारलाई आयोगले तत्काल लागू हुने गरी बढीमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्नेछ।

४९. **<u>निर्वाचन आचारसंहिता अनुगमन प्रतिवेदन पेश गर्ने</u> :** (१) अनुगमनकर्ताले अनुसूची-५ बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन तयार गरी अनुगमनको काम सम्पन्न भएको सात दिनभित्र सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ।

(२) अनुगमन अधिकृतले अनुसूची-५ बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन तयार गरी निर्वाचनको अन्तिम परिणाम प्रकाशन भएको मितिले सात दिनभित्र जिल्ला आचारसंहिता अनुगमन समिति समक्ष पेश गर्नु पर्नेछ।

(३) जिल्ला आचारसंहिता अनुगमन समितिले निर्वाचनको अन्तिम परिणाम प्रकाशन भएको मितिले दश दिनभित्र प्रत्येक निर्वाचन क्षेत्र वा स्थानीय तह छुट्टिने गरी जिल्लाको एकीकृत प्रतिवेदन तयार गरी आयोग वा केन्द्रीय आचारसंहिता अनुगमन समिति समक्ष पठाउनु पर्नेछ।

५०. **<u>प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरू</u> :** दफा ४९ बमोजिमको अनुगमन प्रतिवेदन तयार गर्दा सामान्यतया देहाय बमोजिमका कुराहरू समावेश भएको हुनु पर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) निर्वाचन आचारसंहिताको कार्यान्वयन गर्ने गराउने सम्बन्धमा भए गरेका काम कारबाही,

(ख) निर्वाचन आचारसंहिता उल्लङ्घन गर्नेलाई भएको कारबाहीको विवरण,

(ग) सार्वजनिक गर्नुपर्ने निर्वाचन आचारसंहिता उल्लङ्घनकर्ताको नाम र सोको विवरण,

(घ) अनुगमनको क्रममा दिएका निर्देशनको विवरण,

(ङ) आयोगले तोकेका अन्य विवरण।

**५१. <u>कारबाही गर्न सकिने</u> :** कसैले यो आचारसंहिता लागू भएको अवधिमा यस विपरीतको काम कारबाही गरेको प्रमाणित भएमा आचारसंहिताको अवधि समाप्त भए पछि पनि कारबाही गर्न सकिनेछ।

**५२. <u>विद्युतीय माध्यम वा सूचना प्रविधिको प्रयोग गर्न सकिने</u>** : अनुगमन समितिका सदस्य वा अनुगमन टोली वा अनुगमन अधिकृत वा अनुगमनकर्ताले निर्वाचनको अनुगमन गर्ने सम्बन्धमा अपनाइने प्रक्रिया वा अनुगमनको प्रतिवेदन पेश गर्नका लागि विद्युतीय माध्यम वा सूचना प्रविधिको प्रयोग गर्न सक्नेछ।

**५३. <u>उल्लङ्घनकर्ताको नाम सार्वजनिक गर्ने</u> :** यस आचारसंहिता बमोजिम अनुगमन गर्दा वा गराउँदा कसैले आचारसंहिता उल्लङ्घन गरेको पाइएमा आयोगले उल्लङ्घनकर्ताको नाम नामेशी सहितको विवरण सार्वजनिक गर्नेछ।

**५४. <u>अभिलेख राख्नुपर्ने</u> :** यो आचारसंहिता उल्लङ्घन गरी परेका उजुरी सम्बन्धी कारबाही वा निर्णयको अभिलेख सम्बन्धित पदाधिकारी, संस्था, निकाय वा अधिकारीले सुरक्षित रूपमा राख्नु पर्नेछ।

**५५. <u>खारेजी</u> :** (१) निर्वाचन आचारसंहिता, २०७९ खारेज गरिएको छ।

(२) निर्वाचन आचारसंहिता, २०७९ बमोजिम भए गरेका काम कारबाही यसै आचारसंहिता बमोजिम भए गरेको मानिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची -१

(दफा ३४ को उपदफा (३) सँग सम्बन्धित)

अनुगमनकर्ता परिचयपत्र

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## ....................... निर्वाचन, .......................(वर्ष)

## अनुगमनकर्ता परिचय-पत्र

पासपोर्ट साइजको फोटो

प.प.नं.: ..........................................................

नाम/थर: ..........................................................

पद: ..........................................................

समितिको नाम: ..........................................................

कार्य क्षेत्र: ..........................................................

परिचय पत्र बहाल रहने अवधि: ..........................................................

परिचय पत्र पाउनेको सही: ..........................................................

निर्वाचन आयोगको आधिकारिक व्यक्तिको:

सही: ..........................................................

नाम: ..........................................................

पद: ..........................................................

स्थान: ..........................................................

मिति: ..........................................................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची -२
(दफा ४३ को उपदफा (१) सँग सम्बन्धित)

### निर्वाचन तथा मतगणनाको काममा संलग्न हुने कर्मचारीले गर्नुपर्ने प्रतिबद्धतापत्र

१. संविधान, ऐन, नियम, आचारसंहिता, निर्देशिका, कार्यविधि र निर्देशनको पूर्ण रूपमा पालना गर्नेछु।

२. व्यक्तिगत, संस्थागत एवं पदीय रूपमा स्वतन्त्र र निष्पक्ष रही कुनै राजनीतिक दल वा उम्मेदवारप्रति झुकाव नराखी मतदान तथा मतगणना सम्बन्धी कार्य सम्पादन गर्नेछु।

३. मतदान तथा मतगणना सम्बन्धी कार्यलाई मर्यादित र व्यवस्थित बनाउनेछु।

४. निर्वाचनको कार्य सम्पादन गर्ने सिलसिलामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आउने प्रभाव, दबाब, भनसुन, धम्की, आग्रह, पूर्वाग्रह समेतबाट प्रेरित वा प्रभावित नभई निष्ठापूर्वक निर्वाचन सम्पन्न गर्न वा गराउन प्रतिबद्ध भएर लाग्नेछु।

५. मतदान अधिकृत, मतगणना अधिकारी र कर्मचारीको पदको गरिमा र मर्यादालाई कायम राख्दै समयमा मतदान तथा मतगणनाको कार्य गर्नेछु।

६. कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मतदान तथा मतगणनाको कार्य गर्ने वा नगर्ने कुरा भन्ने वा सङ्केत गर्ने छैन।

७. निर्वाचनमा प्रयोग गरिएका मतपत्र, मतपेटिका वा अन्य निर्वाचन सामग्रीको दुरूपयोग गर्ने वा गर्न दिने छैन।

८. मतदान तथा मतगणना सम्बन्धी विवाद निरूपण गर्दा पक्षहरूबाट पर्न सक्ने प्रभावबाट स्वतन्त्र रही गर्नेछु।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिको स्वार्थ वा प्रभावमा परी कुनै कार्य गर्ने छैन।

१० निर्वाचनको कार्य सम्पादन गर्दा उच्चस्तरको नैतिक आचरण प्रदर्शन गर्नेछु।

११. मतदान तथा मतगणना सम्बन्धी कार्यसम्पादनको सिलसिलामा राजनीतिक दल, उम्मेदवार, कर्मचारी, अनुगमनकर्ता, पर्यवेक्षक, नागरिक समाज लगायत सबैप्रति आदरभाव र समान व्यवहार गर्नेछु।

प्रतिबद्धता गर्नेको,-
दस्तखत :
नाम, थर :
पद :
कार्यालय :
ठेगाना :
सम्पर्क नम्बर :

प्रतिबद्धता गराउनेको,-
दस्तखत :
नाम, थर :
पद :
कार्यालय :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-३
### (दफा ४३ को उपदफा (२) सँग सम्बन्धित)
### राजनीतिक दल, उम्मेदवार, उम्मेदवारको प्रतिनिधि, मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिले गर्नुपर्ने प्रतिबद्धतापत्र

१. संविधान, ऐन, नियम, निर्देशिका, कार्यविधि, आचारसंहिता र निर्देशनको अधीनमा रही राजनीतिक दल, उम्मेदवार, उम्मेदवारको प्रतिनिधि, मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिले गर्नुपर्ने काम सम्पन्न गर्ने, गराउनेछु।

२. उम्मेदवार, उम्मेदवार वा राजनीतिक दलको प्रतिनिधि, मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिको रूपमा कानूनले तोके बमोजिमको निर्वाचन सम्बन्धी कार्य गर्ने, गराउनेछु।

३. निर्वाचन सम्बन्धी विभिन्न मुचुल्कामा राजनीतिक दल, उम्मेदवार, उम्मेदवारको प्रतिनिधि, मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिको रूपमा सहीछाप गर्नेछु।

४. निर्वाचन, मतदान र मतगणनाको कार्यलाई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न कटिबद्ध रहनेछु।

५. निर्वाचन, मतदान र मतगणना कार्यमा प्रयोग हुने निर्वाचन सामग्री, मतदान सामग्री, मतपत्र, मतपेटिका लगायतका सम्पूर्ण सामग्रीको संरक्षण गर्न सहयोग गर्नेछु।

६. मतपत्र लगायतका निर्वाचन सामग्री अनधिकृत रूपमा छुने, च्याल्ने वा अन्य किसिमले बिगार्ने वा क्षति पुऱ्याउने कार्य गर्ने छैन।

७. आयोग, मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतबाट जारी भएका परिचयपत्र वा अनुमतिपत्र लगाई मतदान केन्द्र वा मतगणना स्थलमा प्रवेश गर्नेछु।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मतदान अधिकृतले गरेको निर्णय तथा निर्वाचन अधिकृतले मत सदर वा बदर गर्ने गरी गरेका निर्णयमा कानून बमोजिम उजुर गर्न बाहेक अन्य विवाद गर्ने छैन।

९. मतदानस्थल, मतदान केन्द्र वा मतगणनास्थलमा आयोगले निषेध गरेको सामग्री साथमा लिई जाने छैन।

१०. मतदान तथा मतगणना गर्ने स्थलमा शान्तिपूर्ण वातावरण कायम गर्न पूर्ण रूपमा भूमिका निर्वाह गर्नेछु।

११. मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अन्य कर्मचारीलाई कुनै किसिमको अनुचित प्रभाव, प्रलोभन, दबाब, भनसुन वा कुनै आग्रहबाट प्रभावित गर्ने छैन।

| प्रतिबद्धता गर्नेको,- | प्रतिबद्धता गराउनेको,- |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम, थर : | नाम, थर : |
| पद : | पद : |
| ठेगाना : | |
| सम्पर्क नम्बर : | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**अनुसूची-४**
**(दफा ४७ को उपदफा (१) सँग सम्बन्धित)**

**निर्वाचन आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरीको ढाँचा**

श्री निर्वाचन आयोग/निर्वाचन अधिकृत/अनुगमन अधिकृत/..............
आचारसंहिता अनुगमन समिति, .....................।

**विषयः निर्वाचन आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी।**

मिति ...................... मा हुने ..... तह/पदको निर्वाचनको सन्दर्भमा देहायको दल/उम्मेदवार/व्यक्ति/संस्थाबाट निर्वाचन आचारसंहिताको उल्लङ्घन भएकोले सो कार्य रोकी उल्लङ्घनकर्तालाई कानून बमोजिम कारबाहीका लागि यो उजुरी दिएको छु।

१. निर्वाचन आचारसंहिता उल्लङ्घनकर्ताको पूरा नाम :
२. ठेगाना/संलग्न संस्था/निकाय :
३. निर्वाचन आचारसंहिता उल्लङ्घनको संक्षिप्त व्यहोरा ........................
४. संलग्न प्रमाण : .......................................................................

उजुरीकर्ताको,-
सहीछाप :
नाम, थर :
मतदाता नं. :
सम्पर्क ठेगाना :
सम्पर्क फोन नं./मोबाइल नं. :
मितिः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**द्रष्टव्य :**

(१) उजुरीकर्ताले निजको परिचय गोप्य राख्न अनुरोध गरेमा निजको परिचय गोप्य राखिनेछ।

(२) निर्वाचन आचारसंहिता उल्लङ्घनको सम्बन्धमा मौखिक रूपमा वा विद्युतीय माध्यमबाट समेत उजुरी दिन सकिनेछ। यसरी उजुरी दिइएकोमा सम्बन्धित निकाय वा अधिकारीले सोको अभिलेख राखी आवश्यक कारबाही प्रक्रिया अघि बढाउनु पर्नेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-५

**(दफा ४९ को उपदफा (१) र (२) सँग सम्बन्धित)**

**अनुगमन अधिकृत, अनुगमनकर्ता तथा अनुगमन समितिका सदस्यले स्थलगत अनुगमन पश्चात पेश गर्ने प्रतिवेदनको ढाँचा**

निर्वाचन आयोग, नेपाल

.......................... प्रतिवेदन

.............................................................निर्वाचन अनुगमन प्रतिवेदन

**१. अनुगमनकर्ताको विवरण**

| | | | |
|---|---|---|---|
| नामः | पदः | लिङ्ग : | जातजातिः |
| उमेर : | आपाङ्गता भएको व्यक्ति : हो/होइन यदि हो भने प्रकार खुलाउनुहोस : | कार्यालयः | टेलिफोन/मोबाइल नम्बरः |

**२. पृष्ठभूमि (अनुगमन सम्बन्धी)**

**३. अनुगमनको अवधि र विधि**

**४. अनुगमनको क्रममा निर्वाचन आचारसंहिताको कार्यान्वयन गर्ने गराउने सम्बन्धमा भए गरेका काम कारबाही**

(क) निर्वाचन आचारसंहिता विपरीत देखिएका क्रियाकलाप/ गतिविधि

(ख) निर्वाचन आचारसंहिता उल्लङ्घन गर्नेलाई भएको कारबाहीको विवरण

(ग) सार्वजनिक गर्नुपर्ने निर्वाचन आचारसंहिता उल्लङ्घनकर्ताको नाम र सोको विवरण

(घ) अनुगमनको क्रममा दिइएका निर्देशनको विवरण

(ङ) अन्य विवरणहरू

**५. अनुगमनको क्रममा निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय वा दिएको सुरक्षा अधिकारीहरू वा अन्य कुनै सरोकारवाला पक्षलाई लिखित वा मौखिक रुपमा कुनै निर्देशन दिएको वा सिफारिस गरेको वा जरिबाना गरिएको भए सोको विवरण**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| सि.न. | निर्देशन/सिफारिस/जरिबाना गरेको | | | निर्देशन/सिफारिस कार्यान्वयनको अवस्था | आयोगमा जानकारी गराएको भए पदाधिकारी/कर्मचारीको नाम, पद |
|---|---|---|---|---|---|
| | विषय/क्रियाकलाप | मिति | निकाय/दल वा उम्मेदवार | | |
| | | | | | |
| | | | | | |

**६. अनुगमनका क्रममा देखिएका प्रमुख पक्षहरू**

(क) सबल पक्ष

(ख) कमजोरी/समस्या

(ग) चुनौती

(घ) अवसर

(ङ) सुधार गर्नु पर्ने पक्ष

(च) सुधारका उपाय तथा सुझाव

**७. आयोगलाई सिफारिस गर्नुपर्ने विषयहरू**

**८. माथि उल्लेख भए बाहेकका अन्य विषयहरू**

**९. निर्वाचन अनुगमन सम्बन्धी महत्त्वपूर्ण तस्विरहरू (प्रतिवेदनसाथ संलग्न गर्ने)**

**आज्ञाले,**
**कृष्ण बहादुर राउत**
**सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.६०/-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।